# राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
**केन्द्रीय तथ्याङ्क विभाग**
**थापाथली, काठमाडौं**

# राष्ट्रिय जनगणना
# सञ्चालन निर्देशिका, २०७७

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाडौं

# विषयसूची

परिच्छेद १ : प्रारम्भिक........................................................................................१

परिच्छेद २ : तथ्याङ्क सङ्कलन र अनुगमन तथा सुपरिवेक्षण........................................३

परिच्छेद ३ : जनशक्ति व्यवस्थापन..........................................................................१०

परिच्छेद ४ : तालिम व्यवस्थापन.............................................................................१५

परिच्छेद ५ : गणना क्षेत्र नक्साङ्कन...........................................................................२०

परिच्छेद ६ : सञ्चार तथा प्रचार प्रसार.......................................................................२२

परिच्छेद ७ : गणना सामग्रीहरुको ढुवानी, भण्डारण र व्यवस्थापन.................................३२

परिच्छेद ८ : तथ्याङ्क प्रशोधन तथा सूचना प्रविधि.......................................................३६

परिच्छेद ९ : सरकारी निकाय तथा संघसंस्थासँग सहकार्य...........................................४५

परिच्छेद १० : वडास्तरीय सहजीकरण व्यवस्थापन.......................................................४८

परिच्छेद ११ : जनगणनाका नतिजा प्रकाशन तथा वितरण............................................५१

परिच्छेद १२ : विविध.........................................................................................५४

अनुसूची : १.......................................................................................................५८

अनुसूची : २ (क)................................................................................................५९

अनुसूची : २ (ख)................................................................................................६१

अनुसूची : ३.......................................................................................................६४

अनुसूची : ४.......................................................................................................६६

अनुसूची : ५.......................................................................................................६८

अनुसूची : ६.......................................................................................................६९

अनुसूची : ७.......................................................................................................७०

अनुसूची : ८.......................................................................................................७१

# राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७

स्वीकृत मितिः- २०७७/०७/०४

प्रस्तावनाः राष्ट्रिय जनगणना २०७८ का क्रियाकलापहरुको प्रभावकारी र पारदर्शीरुपले व्यवस्थापन गरी निर्धारित समयभित्र सम्पन्न गर्ने तथा समग्र नतिजालाई विश्वसनीय र गुणस्तरीय बनाउने उद्देश्यले राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६ को दफा ११ को उपदफा (२) को खण्ड (ङ) बमजिम राष्ट्रिय जनगणना निर्देशक समितिबाट यो निर्देशिक स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिबाट तुरुन्त लागू हुनेछ ।

(३) यस निर्देशिकामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन विनियोजित बजेट र स्वीकृत मापदण्डको सीमा भित्र रही कार्यान्वयन गरिनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अनुगमनकर्ता" भन्नाले राष्ट्रिय जनगणनाको तथ्याङ्क सङ्कलन कार्यको अनुगमन गर्न खटिएका राजपत्रांकित द्वितीय श्रेणी वा सो सरह वा सो भन्दा माथिका अधिकृत कर्मचारी सम्झनु पर्दछ । यस शब्दले संघ, प्रदेश तथा स्थानीय तहमा निर्वाचित तथा मनोनित जनप्रतिनिधि एवं जनगणना सञ्चालनार्थ गठित समितिका पदाधिकारीहरु समेतलाई जनाउँछ ।

(ख) "आदेश" भन्नाले राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६ सम्झनु पर्दछ ।

(ग) "गणक" भन्नाले राष्ट्रिय जनगणना गर्नको लागि तथ्याङ्क सङ्कलन गर्ने कार्यमा खटिएका व्यक्ति सम्झनु पर्दछ ।

(घ) “जनगणना” भन्नाले देशभर अक्सर बसोबास गर्ने सम्पूर्ण व्यक्तिको निश्चित समय अवधिभित्र गणना गरी व्यक्तिगत तथा पारिवारिक विवरणसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यसरी सङ्कलन भएको तथ्याङ्क प्रशोधन, प्रकाशन एवं वितरण गर्ने समष्टिगत प्रक्रियालाई समेत जनाउँछ ।

(ङ) “जनगणना अधिकारी” भन्नाले जनगणना कार्यालयको प्रमुख सम्झनु पर्दछ

(च) “जनगणना कार्यालय” भन्नाले राष्ट्रिय जनगणना गर्नको लागि विभाग अन्तर्गत स्थापित प्रदेश जनगणना कार्यालय, जिल्ला जनगणना कार्यालय र स्थानीय जनगणना कार्यालय सम्झनु पर्दछ ।

(छ) “मापदण्ड” भन्नाले नेपाल सरकार मन्त्रीपरिषद्ले स्वीकृत गरेको राष्ट्रिय जनगणना २०७८ को प्रशासनिक व्यवस्थापन तथा आर्थिक सुविधा सम्बन्धी मापदण्ड, २०७६ सम्झनु पर्दछ ।

(ज) “राष्ट्रिय जनगणना” भन्नाले राष्ट्रिय जनगणना कार्यक्रम, २०७८ सम्झनु पर्दछ ।

(झ) “विभाग” भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनु पर्दछ ।

(ञ) “समन्वय समिति” भन्नाले आदेशको दफा १२, १३ र १४ बमोजिम गठित प्रदेश जनगणना समन्वय समिति, जिल्ला जनगणना समन्वय समिति र स्थानीय जनगणना समन्वय समिति सम्झनु पर्दछ ।

(ट) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्दछ ।

(ठ) “स्वसाझेदारी” भन्नाले मुलुकको राष्ट्रिय हितको सवालमा मौजुदा संविधान, ऐन कानून र नियम तथा यसमा आधारित आदेश, निर्देशिका र कार्यविधि अनुसार नागरिकको हैसियतले र देशको जुनसुकै क्षेत्रमा क्रियाशील संघ/संस्था तथा सरकारी निकायको हैसियतले राष्ट्रिय जनगणनामा निर्वाह गर्नुपर्ने स्वःस्फूर्त दायित्व र कर्तव्यहरु सम्झनु पर्दछ ।

(ड) “सुपरिवेक्षक” भन्नाले राष्ट्रिय जनगणनाको लागि तथ्याङ्क सङ्कलन, सुपरिवेक्षण वा दुवै कार्य गर्न खटिएको व्यक्ति सम्झनु पर्दछ ।

(ढ) “सुपरिवेक्षणकर्ता” भन्नाले राष्ट्रिय जनगणनाका लागि तथ्याङ्क सङ्कलन गर्ने कार्यमा खटिएका व्यक्तिको सुपरिवेक्षण गर्न खटिएका तालिमप्राप्त कर्मचारी सम्झनु पर्दछ । सो शब्दले गणकहरुको सुपरिवेक्षण गर्ने सुपरिवेक्षक समेतलाई जनाउँछ ।

# परिच्छेद २

# तथ्याङ्क सङ्कलन र अनुगमन तथा सुपरिवेक्षण

## ३. तथ्याङ्क सङ्कलनः

(१) विभागले आदेशको दफा ५ बमोजिम तथ्याङ्क सङ्कलन कार्य सञ्चालन गर्नेछ। मुलुकभित्र कागजी प्रश्नावली वा हाते कम्प्यूटर (ट्याबलेट) मा व्यवस्थित प्रश्नावली प्रयोग गरेर वा आवश्यकता अनुसार दुबै विधिबाट र विदेश स्थित नेपाली दुतावास तथा कुटनैतिक नियोगहरुमा विद्युतीय जनगणना (E-census) बाट तथ्याङ्क सङ्कलन गर्नेछ ।

(२) हाते कम्प्यूटर (ट्याबलेट) विधिबाट काठमाण्डौ उपत्यकाका काठमाण्डौं महानगरपालिकामा र सम्भव भएसम्म अन्य नगरपालिकामा तथ्याङ्क सङ्कलन गरिनेछ । अन्य स्थानीय तहहरुमा कागजी प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिनेछ ।

(३) सुपरिवेक्षकले प्रत्येक घरपरिवारमा गई परिवारमूली वा उपयुक्त उत्तरदाताबाट प्रत्यक्ष अन्तर्वार्ता गरी घर तथा घरपरिवारको सूचीकरण प्रश्नावली मार्फत विवरण सङ्कलन गर्नुपर्नेछ । उक्त सूचीकरण कार्यको अवधि २० दिनको हुनेछ ।

(४) सुपरिवेक्षकले तयार गरेको सूचीकरणका आधारमा गणकले मुख्य प्रश्नावली मार्फत विवरण सङ्कलन गर्नुपर्नेछ । उक्त गणना कार्यको अवधि १५ दिनको हुनेछ । गणकले गणनाको अन्तिम दिन घर ठेगान निश्चित नभएका घुमन्ते, फिरन्ते, जोगी, सन्यासी लगायत घरवार विहीन सडकमा बस्ने व्यक्तिहरुको व्यक्तिगत विवरण सङ्कलन गर्नुपर्नेछ । उक्त अवधिमा सुपरिवेक्षकले स्थानीय तहका प्रत्येक वडाबाट सामुदायिक प्रश्नावली मार्फत वडास्तरीय विवरण सङ्कलन गर्ने छन् ।

(५) विभागले विदेशस्थित नेपाली दुतावास तथा कुटनैतिक नियोगमा रहेका नेपाली पदाधिकारी तथा कर्मचारीहरुको व्यक्तिगत विवरण इ-सेन्ससको माध्यमबाट सङ्कलन गर्नेछ । उक्त कार्य गर्नु अगावै विभागले परराष्ट्र मन्त्रालयको सहयोगमा विदेशस्थित कुटनैतिक नियोगहरुको सूची तयार गर्नेछ ।

(६) विभागले उपदफा (५) बमोजिम तथ्याङ्क सङ्कलन गर्न विभागको वेवसाइट मार्फत सबै कुटनैतिक नियोग तथा दुतावासहरुलाई जनगणनामा सहभागी हुन परराष्ट्र मन्त्रालयसँग समन्वय गर्नेछ । विवरण भर्नको लागि विभागले उपयोगकर्ताको नाम र पासवर्ड (Username & Password) उपलब्ध गराउनेछ ।

(७) उपदफा (६) बमोजिमको तथ्याङ्क निर्धारित समयमै उपलब्ध गराउनु सम्बन्धित निकायको जिम्मेवारी र कर्तव्य हुनेछ ।

(८) विभागले यस दफा बमोजिम तथ्याङ्क सङ्कलन गर्ने विधि र प्रक्रिया सहितको सहयोगी पुस्तिका (निर्देशिका) उपलब्ध गराउनेछ ।

## ४. अनुगमन तथा सुपरिवेक्षणका तह र व्यवस्थापनः

(१) आदेशको दफा २९ को उपदफा (२) र उपदफा (३) बमोजिम विभागले छोटो समयमा सम्पन्न गर्ने राष्ट्रिय जनगणनाको तथ्याङ्क सङ्कलन कार्यलाई व्यवस्थित, सहभागितामूलक र गुणस्तरीय बनाउन स्थलगत कार्यमा संघ, प्रदेश तथा स्थानीय तहको समन्वय र सहभागितामा अनुगमन र सुपरिवेक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागले तथ्याङ्क सङ्कलनको अवधिमा संघ, प्रदेश, जिल्ला, स्थानीय तह र वडास्तरको गरी पाँच तहमा अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम केन्द्रीय तहबाट राष्ट्रिय जनगणना निर्देशक समितिको निर्णय बमोजिम नेपाल सरकारका मन्त्रालयमा कार्यरत कर्मचारी मध्येबाट जनगणनाको स्थलगत तथ्याङ्क सङ्कलन कार्यको अनुगमन गर्नेछन् ।

(४) प्रदेशस्तरमा अनुगमन तथा सुपरिवेक्षण सम्बन्धमा प्रदेश जनगणना समन्वय समितिको निर्णय बमोजिम प्रदेशका मन्त्रालय, कार्यालय तथा संघका प्रदेशस्तरका कार्यालयका कर्मचारीहरुलाई आवश्यकता अनुसार परिचालन गर्न सकिनेछ ।

(५) जिल्ला जनगणना समन्वय समितिको निर्णय बमोजिम जनगणना कार्यालयले जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीहरुलाई अनुगमन तथा सुपरिवेक्षण कार्यमा खटाउन सक्नेछ ।

(६) स्थानीय जनगणना समन्वय समितिले आवश्यकता अनुसार अनुगमन तथा सुपरिवेक्षण गर्न गराउन सक्नेछ ।

(७) विभागले औषतमा चार जना गणकले गरेको काम प्रत्यक्षरुपमा स्थलगत सुपरिवेक्षण गर्न एक जना सुपरिवेक्षक परिचालन गरी पहिलो घेराको सुक्ष्म सुपरिवेक्षणको कार्य व्यवस्थित गर्नेछ ।

(८) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश वा जिल्ला जनगणना कार्यालयको समन्वयमा नेपाल सरकार तथा प्रदेश सरकार, जिल्ला समन्वय समिति र स्थानीय तहले अनुगमन गर्न कुनै बाधा पर्ने छैन ।

## ५. कार्यसमूह गठनः

(१) विभागले अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थितरुपमा सञ्चालन गर्न जनसंख्या शाखाको समन्वयमा कार्य गर्ने गरी देहाय बमोजिमको जनगणना स्थलगत कार्य अनुगमन तथा सुपरिवेक्षण व्यवस्थापन कार्यसमूह गठन गर्नेछः-

(क) निर्देशक, केन्द्रीय तथ्याङ्क विभाग - संयोजक

(ख) कम्प्यूटर अधिकृत, केन्द्रीय तथ्याङ्क विभाग - सदस्य

(ग) तथ्याङ्क अधिकृत, केन्द्रीय तथ्याङ्क विभाग – सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिले देहायका कार्यहरु गर्नेछः-

(क) केन्द्र, प्रदेश, जिल्ला, स्थानीय तह र गणना सुपरिवेक्षण तहबाट हुने अनुगमन तथा सुपरिवेक्षणको कार्ययोजना तयार गर्ने,

(ख) कार्ययोजना कार्यान्वयनको लागि जनगणना कार्यालयलाई सहयोग गर्ने,

(ग) केन्द्रीय तहबाट हुने अनुगमन तथा सुपरिवेक्षणको लागि कर्मचारीको सूची तयार गरी खटाउन सहयोग गर्ने,

(घ) अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन प्राप्त गर्ने,

(ङ प्राप्त प्रतिवेदनका आधारमा पृष्ठपोषण दिने,

(च) अनलाईन अनुगमन तथा सुपरिवेक्षण प्रणाली सञ्चालन र व्यवस्थापन गर्ने,

(छ) जनगणना शाखाको समन्वयमा आवश्यक अन्य कार्य गर्ने,

## ६. अनुगमन तथा सुपरिवेक्षण प्रक्रियाः

(१) अनुगमन तथा सुपरिवेक्षण कार्यमा खटिएका कर्मचारीहरुले जनगणना कार्य गर्न तोकिएका गणक तथा सुपरिवेक्षक हरेक घर तथा घरपरिवारमा पुगे नपुगेको, उत्तरदातासँग प्रश्नावलीमा रहेका सबै प्रश्नहरु राम्रोसँग सोधे नसोधेको, जनगणना सामग्रीहरु पर्याप्त भए नभएको, भर्नु पर्ने सबै फारामहरु भरे नभरेको, भरिएका विवरण गणकले सुरक्षित राखे नराखेको, गोपनीयता कायम गरे नगरेको, स्थानीय तहसँग समन्वय गरे नगरेको, कुनै व्यवधान उत्पन्न भए नभएको, समयमै कार्य सम्पन्न हुन सक्ने अवस्था रहे नरहेको वा काम धेरै छिटो सकिने अवस्था रहे नरहेको आदि बिषयमा प्रत्यक्ष अवलोकन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएका तालिम प्राप्त अनुगमन तथा सुपरिवेक्षणकर्ताले गणकले सम्पादन गरेको काम सन्तोषजनक नपाएमा सम्बन्धित घर परिवारसँग पुनः अन्तर्वार्ता गर्न लगाई विवरण सच्याउन वा पुनः प्रश्नावली भर्न लगाउनु पर्नेछ।

(३) अनुगमनकर्ताले अनुसूची १ बमोजिमको अनुगमन फाराम अनिवार्य रुपमा भर्नु पर्नेछ ।

(४) सुपरिवेक्षणकर्ताले अनुसूची १ बमोजिमको अनुगमन फाराम र अनुसूची २ बमोजिमका सुपरिवेक्षण फारामहरु अनिवार्य भर्नु पर्नेछ ।

(५) उपदफा (३) र उपदफा (४) बमोजिमको फाराम सम्बन्धित जनगणना कार्यालयमा वा विभागमा स्थलगत प्रतिवेदन सहित बुझाउनु पर्नेछ ।

(६) अनुगमन तथा सुपरिवेक्षणकर्ताले गणक तथा सुपरिवेक्षकलाई स्थलगत तथ्याङ्क सङ्कलनमा आवश्यक परेको अवस्थामा सहजीकरण समेत गर्नुपर्ने छ भने गणक तथा सुपरिवेक्षकले अनुगमन तथा सुपरिवेक्षणकर्तालाई स्थलगत कार्यमा आइपरेका समस्या तथा अन्य आवश्यक जानकारी उपलब्ध गराउनु पर्नेछ।

(७) सुपरिवेक्षकले आफू मातहतका प्रत्येक गणकलाई गणना अवधि स्थलगत रुपमा खटिदा सुपरिवेक्षण कार्ययोजना बनाई कम्तिमा तीन तीन पटक अनुगमन तथा सुपरिवेक्षण गर्नु पर्नेछ । गणना कार्यको पहिलो दिनमा भरिएका फारामहरु सूक्ष्म जाँच गरी दुई दिन भित्रमा पहिलोपटकको सुपरिवेक्षण गरिसक्नुपर्नेछ । सुपरिवेक्षकले निश्चित समयको अन्तरालमा गणना सम्पन्न नभएसम्म सुपरिवेक्षण गर्नुपर्दछ ।

## ७. अनुगमन तथा सुपरिवेक्षण कार्यमा संलग्न जनशक्तिको आचरण सम्बन्धी व्यवस्थाः

(१) अनुगमन तथा सुपरिवेक्षणकर्ताले देहाय बमोजिमका कार्यहरु गर्नु/गराउनु हुँदैनः-

(क) अनुगमन तथा सुपरीवेक्षणकर्ताले गलत तथ्याङ्क वा विवरण लिन वा दिन कसैलाई प्रेरित गर्न गराउन,

(ख) उत्तरदाताको व्यक्तिगत विवरण कसैलाई भन्न वा देखाउन वा भरिएका प्रश्नावलीको प्रतिलिपि उतार गरी कसैलाई उपलब्ध गर्न गराउन वा यस्ता कार्यका लागि प्रेरित गर्न,

(ग) जनगणनासँग सम्बन्धित विषयमा सकारात्मक तथा चेतनामूलक प्रचार प्रसार बाहेक जनगणनालाई प्रभाव पार्ने हिसावले अन्य विषयमा प्रचार तथा प्रसार गर्न गराउन,

(घ) गणकको जिम्मेवारीमा रहेको काममा बाधा पर्ने गरी अनावश्यक समय खेर जाने क्रियाकलाप गर्न र गणक तथा उत्तरदाताको मान मर्यादामा आँच आउने किसिमले उत्तरदाता तथा अन्य व्यक्तिको उपस्थितिमा कुनै विषय उठान गर्न,

(२) अनुगमन तथा सुपरिवेक्षणकर्ताले उपदफा (१) को प्रतिकुल हुने गरी कुनै कार्य गरेमा सम्बन्धित प्रदेश वा जिल्ला जनगणना कार्यालयले तत्काल अनुगमन तथा सुपरिवेक्षण कार्यमा रोक लगाई विभागलाई जानकारी दिनुपर्नेछ ।

## ८. अनलाइन प्रतिवेदन बुझाउनु पर्नेः

(१) अनुगमनकर्ताले अनुगमन कार्य समाप्त भए पछि अनुसूची १ बमोजिमको विवरण भरी अनलाईन मार्फत बुझाउनु पर्नेछ ।

(२) सुपरिवेक्षणकर्ताले सुपरिवेक्षण कार्य समाप्त भए पछि अनुसूची १ र अनुसूची २ बमोजिमको विवरण भरी अनलाइन मार्फत बुझाउनु पर्नेछ ।

(३) विभाग/जनगणना कार्यालयवाट दैनिक भ्रमण भत्ता पाउने गरी खटिएका अनुगमन तथा सुपरिवेक्षणकर्ताले उपदफा (१) वा उपदफा (२) बमोजिम बुझाएको निस्सा भ्रमण खर्चको पेश्की फर्छ्यौट वा भुक्तानी माग गर्ने निवेदनसाथ पेश गर्नु पर्नेछ ।

## ९. तहगत समन्वय कायम गर्नु पर्नेः

(१) मापदण्डको दफा ३ को उपदफा (४) बमोजिम निर्देशक समितिबाट राष्ट्रिय जनगणना समन्वय समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

(क) माननीय सदस्य, राष्ट्रिय योजना आयोग (तथ्याङ्क हेर्ने)

(ख) सचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सातवटै प्रदेश

(ग) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(घ) सहसचिव, गृह मन्त्रालय

(ङ) सहसचिव, अर्थ मन्त्रालय

(च) सहसचिव, राष्ट्रिय योजना आयोग

(छ) सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(ज) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(झ) अध्यक्ष, जिल्ला समन्वय समिति महासंघ

(ञ) अध्यक्ष, नेपाल नगरपालिका संघ

(ट) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ

(ठ) उपमहानिर्देशक, केन्द्रीय तथ्याङ्क विभाग (राष्ट्रिय जनगणना कार्यक्रम हेर्ने)

(२) उपदफा (१) बमोजिमको समितिले संघ, प्रदेश, स्थानीय तहस्तरी समन्वय सहकार्य र सहयोग गर्ने कार्यमा सहजीकरणका लागि आवश्यक कार्य गर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको निर्णय कार्यान्वयनकको लागि प्रदेश सरकार तथा जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघलाई विभागले सहयोगको लागि अनुरोध गर्नेछ ।

(४) राष्ट्रिय जनगणना समन्वय समिति तथा विभागले निजी क्षेत्रका विभिन्न संघ, महासंघका प्रतिनिधिहरुसँग छलफल गरी सहयोगको लागि अनुरोध गर्न सक्नेछ । निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाले आफ्ना सदस्य तथा प्रतिनिधिलाई राष्ट्रिय जनगणनामा सहयोगको लागि अपिल जारी गर्न सक्नेछ । यस्तो अपिल स्थानीयस्तरका निजी क्षेत्रले समेत जारी गर्न सक्नेछन् ।

(५) उपदफा (३) बमोजिमको अपिल जारी गर्दा केन्द्रको हकमा केन्द्रीय तथ्याङ्क विभाग र स्थानीयस्तरमा सम्बन्धित जनगणना कार्यालयको समन्वय र सहयोगमा गर्नुपर्नेछ ।

(६) यस दफा बमोजिम गरिएका अनुरोध कार्यान्वयन गर्न सहयोग गर्नु सम्बन्धित निकायको कर्तव्य र दायित्व हुनेछ ।

**१०. प्रदेश, जिल्ला र स्थानीय तहगतस्तरको सहजीकरण, समन्वय र मार्गदर्शन गर्ने:**

(१) आदेशको दफा १२ को उपदफा (१) बमोजिम राष्ट्रिय जनगणना सञ्चालन सम्बन्धी कार्यको प्रदेशस्तरमा सहजीकरण, समन्वय र मार्गदर्शन गर्न प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश जनगणना समन्वय समिति रहनेछः-

(क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

(ख) सचिव, आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(घ) सचिव, सामाजिक विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ङ) प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(च) प्रदेश जनगणना अधिकारी, प्रदेश जनगणना कार्यालय - सदस्य - सचिव

(२) आदेशको दफा १२ को उपदफा (२) प्रदेश जनगणना समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय जनगणना कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहयोग तथा सहजीकरण गर्ने,

(ख) राष्ट्रिय जनगणना कार्यालयलाई आवश्यक पर्ने स्रोत साधन तथा जनशक्तिको व्यवस्थापनमा सहयोग गर्ने,

(ग) राष्ट्रिय जनगणना कार्यका लागि प्रदेश र स्थानीय तहका निकायसँग आवश्यक समन्वय गर्ने,

(घ) राष्ट्रिय जनगणना कार्यमा आउन सक्ने समस्या समाधान गर्ने र

(ङ) राष्ट्रिय जनगणना कार्यको अनुगमन गर्ने।

(३) आदेशको दफा १३ को उपदफा (१) राष्ट्रिय जनगणना सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यको जिल्लास्तरमा सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला जनगणना समन्वय समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय - संयोजक

(ख) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति - सदस्य

(ग) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

(घ) प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य

(ङ) प्रमुख, शिक्षा सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालय - सदस्य

(च) अधिकृत प्रतिनिधि, जिल्ला जनगणना कार्यालय रहेको स्थानीय तह - सदस्य

(छ) जिल्ला जनगणना अधिकारी, जिल्ला जनगणना कार्यालय - सदस्य– सचिव

(४) आदेशको दफा १३ को उपदफा (२) जिल्ला जनगणना समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय जनगणना कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहयोग र समन्वय गर्ने,

(ख) राष्ट्रिय जनगणनाका लागि आवश्यक पर्ने स्रोत साधन तथा जनशक्ति व्यवस्थापन कार्यमा आवश्यक निर्णय गर्ने,

(ग) राष्ट्रिय जनगणना कार्यको नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(घ) राष्ट्रिय जनगणना कार्यमा संलग्न कर्मचारीको सुरक्षा व्यवस्था मिलाउने र

(ङ) राष्ट्रिय जनगणना सामग्रीको पूर्ण सुरक्षा तथा भरिएका लगत फारामहरूको सुरक्षित सङ्कलन गर्न सहयोग गर्ने ।

(५) आदेशको दफा १४ को उपदफा (१) राष्ट्रिय जनगणना सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यको स्थानीय स्तरमा सहजीकरण गर्न प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको स्थानीय जनगणना समन्वय समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी - संयोजक

(ख) प्रतिनिधि, शिक्षा, युवा तथा खेलकुद शाखा (सम्बन्धित स्थानीय तह) - सदस्य

(ग) प्रमुख, सम्बन्धित स्थानीय तह हेर्ने प्रहरी कार्यालय - सदस्य

(घ) संयोजकले तोके बमाजिमको एक जना वडा सचिव - सदस्य

(ङ) सम्बन्धित स्थानीय जनगणना अधिकारी – सदस्य - सचिव

(६) आदेशको दफा १४ को उपदफा (२) स्थानीय जनगणना समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय जनगणनाको लागि गरिने स्थलगत कार्यका लागि आवश्यक सहयोग र समन्वय गर्ने,

(ख) तथ्याङ्क सङ्कलन कार्यलाई गुणस्तरीयता कायम गर्ने तथा पूर्ण गणना हुने व्यवस्थाको लागि सहजीकरण तथा प्रचार प्रसार गर्ने,

(ग) स्थानीय जनगणना कार्यालयलाई आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापनमा सहयोग गर्ने र

(घ) स्थानीय स्तरमा राष्ट्रिय जनगणना कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

**११. पर्यवेक्षण गर्न सक्नेः**

जनगणनामा सहकार्य गरिरहेका अन्तर्राष्ट्रिय विकास साझेदारहरुले स्थलगत तथ्याङ्क सङ्कलन कार्यको पर्यवेक्षण गर्न चाहेमा विभागको स्वीकृति लिई विभागको प्रतिनिधिको रोहवरमा मात्र गर्न सक्नेछन्।

## परिच्छेद ३

## जनशक्ति व्यवस्थापन

**१२. कर्मचारी काजमा माग गर्न सक्नेः**

(१) आदेशको दफा १७ बमोजिम कर्मचारी व्यवस्थापनको लागि नेपाल सरकारका कार्यालय, प्रदेश तथा स्थानीय तहका कार्यालय तथा निकायहरुमा कार्यरत कर्मचारी विभागबाट माग भई आएमा सम्बन्धित निकायले काजमा खटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम काजमा कर्मचारी माग गर्दा पूर्णकालिन कामकाज गर्ने गरी माग गर्नु पर्नेछ र काजमा खटाउने निकायले समेत पूर्णकालिन काम गर्ने गरी काजमा खटाउनु पर्नेछ ।

(३) मापदण्डको दफा १० बमोजिम हलुका सवारी चालक वा कार्यालय सहयोगी काजमा परिचालन गर्न सम्भव नभएमा जनगणना कार्यालयले प्रचलित कानुन बमोजिमको प्रक्रिया अपनाई योग्य जनशक्ति छनोट गरी करारमा नियुक्ति गर्न सक्नेछ।

**१३. गणक तथा सुपरीवेक्षक भर्ना प्रक्रियाः**

(१) आदेशको दफा १८ बमोजिम विभागले राष्ट्रिय जनगणना प्रयोजनको लागि सबै घरपरिवारको घरदैलोमा गई तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण गर्न निश्चित अवधिका लागि योग्यता पुगेका नेपाली नागरिक मध्येबाट छनोट भएका व्यक्तिलाई सुपरीवेक्षक तथा गणकको रुपमा अनुसूची ४ बमोजिम करारनामा गरिनेछ।

(२) उपदफा १ बमोजिम छनोट भई करारनामा गरिएका व्यक्तिहरुलाई काममा खटाउनु अघि नीजले गर्नु पर्ने कामको विवरण, कार्य अवधि र जनगणना निश्चिच रकम उल्लेख गरेर अनुसूची ५ र अनुसूची ६ बमोजिमका कारारमा कामकाज गर्न तोकिएको पत्र दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गणक तथा सुपरिवेक्षकके सेवा करारमा लिन अनलाईन जनशक्ति भर्ना प्रणाली मार्फत दरखास्त आह्वान गरी करारमा लिइने गणक र सुपरिवेक्षकको रोष्टर तयार गरिनेछ । यसका लागि अनलाईन मार्फत फाराम भर्न सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम फाराम भर्ने सूचना जारी गर्दा निम्न बमोजिमको योग्यता र कागजात पेश गर्न सूचनामा समावेश गर्नु पर्नेछ ।

(अ) योग्यता

(क) न्युनतम शैक्षिक योग्यता: गणकको लागि १०+२ (दश जोड दुई) वा सोसरह उत्तीर्ण गरेको र सुपरिवेक्षकको लागि स्नातक तह वा सो सरह उतिर्ण गरेको,

(ख) उमेरः दरखास्त दिने अन्तिम मितिसम्म १८ (अठार) वर्ष पुरा भई ४० (चालिस) वर्ष ननाघेको । महिलाको हकमा ४५ (पैंतालिस) वर्ष ननाघेको ।

(ग) स्थानीय तहः सम्बन्धित स्थानीय तहमा बसोबास गरेको नागरिक हुनु पर्नेछ ।

(आ) पेश गर्नु पर्ने आवश्यक कागजात र प्रमाण पत्र

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

(ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र (Transcript) को प्रतिलिपी,

(ई) विशेष प्राथमिकता

(क) नेपाली भाषाको अतिरिक्त स्थानीय भाषा बोल्न, बुझ्न र अरुलाई बुझाउन सक्ने व्यक्ति,

(ख) राष्ट्रियस्तरको गणना तथा सर्वेक्षण वा विभागबाट सञ्चालित कुनै पनि कार्यमा अनुभव हासिल गरेका व्यक्ति।

(ग) तथ्याङ्क वा जनसंख्या विषय लिई स्नाकोत्तर तहमा अध्ययन गरेका विद्यार्थि वा सो तह उतिर्ण गरेका व्यक्ति।

(४) जनगणना कार्यालयले नियुक्तिको प्रक्रियामा उपदफा (४) बमोजिम पेश गरेका प्रमाणपत्रका प्रतिलिपीको सक्कलै जाँच गर्नेछ ।

## १४. जनशक्ति व्यवस्थापन कार्यसमूह गठन गर्नेः

(१) आदेशको दफा १६ बमोजिम विभागले जनसंख्या शाखाको समन्वयमा कार्य गर्ने गरी देहाय बमोजिम जनगणना जनशक्ति व्यवस्थापन कार्यसमूह गठन गर्नेछः-

(क) निर्देशक, विभाग - संयोजक

(ख) कम्प्यूटर अधिकृत, विभाग – सदस्य

(ग) तथ्याङ्क अधिकृत, जनसंख्या शाखा – सदस्य

(घ) शाखा अधिकृत, प्रशासन शाखा – सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछः-

(क) अनलाईन जनशक्ति भर्ना प्रणालीको सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) उम्मेदवारले भरेका फारामहरुको जाँच गर्ने, सही विवरण नभरेको भए सच्याउने र सोको रेकर्ड राख्ने,

(ग) योग्यता निर्धारण मापदण्ड अनुसार स्कोरिङ गर्ने,

(घ) प्रारम्भिक र अन्तिम संक्षिप्त सूची (सर्ट लिष्ट) सार्वजनिक गर्ने,

(ङ) प्राप्त गुनासो तथा उजुरीको छानविन गर्ने,

(च) जनगणना शाखाको समन्वयमा आवश्यक अन्य कार्य गर्ने,

## १५. अनलाइन फाराम भर्नु पर्नेः

(१) दफा १३ बमोजिम विभागले राष्ट्रिय जनगणना २०७८ को स्थलगत कार्यमा संलग्न हुने सुपरिवेक्षक तथा गणकको भर्ना प्रक्रिया तथा छनोटको लागि अनलाइन जनशक्ति भर्ना प्रणाली मार्फत अनुसूची ३ बमोजिमको दरखास्त माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनलाइन जनशक्ति भर्ना प्रणाली मार्फत दरखास्त दिन नसक्ने भएमा निवेदन दिन चाहने व्यक्तिले आवश्यक कागजात सहित सम्बन्धित तथ्याङ्क कार्यालय वा जिल्ला जनगणना कार्यालयमा निवेदन दिन सक्ने छन् ।

(३) उपदफा (२) बमोजिमको दरखास्त फाराम अनलाइन जनशक्ति भर्ना प्रणालीमा प्रविष्ठ गर्ने जिम्मेवारी तथ्याङ्क कार्यालय तथा जिल्ला जनगणना कार्यालयको हुनेछ ।

## १६. अनलाईन दरखास्त फारामको रुजु तथा प्रारम्भिक संक्षिप्त सूची तयार गर्नेः

(१) विभागले अनलाईनमार्फत प्राप्त दरखास्त फाराम रुजु तथा चेक जाँच गर्नुपर्नेछ ।

(२) दफा १५ बमोजिम फाराम भरेका व्यक्तिहरुको सूचीबाट विभागले निश्चित मापदण्ड तय गरी संक्षिप्त सूची (सर्टलिष्ट) तयार गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संक्षिप्त सूची (सर्टलिष्ट) तयार गर्दा सम्बन्धित जिल्लाको लागि आवश्यक संख्याको ३० प्रतिशत थप संख्या समेत समावेश गरी योग्यताक्रम सूची सार्वजनिक गर्नुपर्नेछ । सम्भव भएसम्म उक्त सूची स्थानीय तहको वडा अनुसार तयार गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित प्रदेश/जिल्ला जनगणना कार्यालयले विभागबाट प्राप्त संक्षिप्त सूची (सर्ट लिष्ट) अनुसार पाँच दिनको सूचना दिई करार नियुक्तिको लागि निवेदन आह्वान गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रदेश/जिल्ला जनगणना कार्यालयले आवश्यक संख्यामा स्थानीय तह अनुसार अन्तिम नतिजा सार्वजनिक गरी गणक तथा सुपरिवेक्षक नियुक्ति गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम अन्तिम नतिजा सार्वजनिक गर्दा सम्बन्धित प्रदेश/जिल्ला जनगणना कार्यालयले जिल्ला जनगणना समन्वय समितिको सहमतिमा आवश्यक थप प्रक्रिया अवलम्बन गर्न सक्नेछन् ।

## १७. महिलालाई प्राथमिकता दिने:

विभागले दफा १५ को उपदफा (३) बमोजिम गणकको लागि संक्षिप्त सूची (सर्ट लिष्ट) तयार गर्दा उपलब्ध भएसम्म योग्यता पुगेका आवश्यक संख्याको ५० प्रतिशत महिला समावेश गर्नेछ।

## १८. अनलाइन दरखास्त आह्वान सम्बन्धी जानकारी स्थानीय तहमा दिने:

(१) विभागले राष्ट्रिय जनगणना २०७८ सञ्चालनार्थ तथ्याङ्क सङ्कलनको लागि फिल्डमा खटिने सुपरिवेक्षक तथा गणकहरु करारमा लिने प्रयोजनको लागि आह्वान गरिएको अनलाइन दरखास्तको सूचना सबै स्थानीय तह, जिल्ला समन्वय समिति र प्रदेश सरकारलाई जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी राष्ट्रिय स्तरको रेडियो, पत्रपत्रिका, टेलिभिजन मार्फत र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा पत्राचार गरिनेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त जानकारी स्थानीय तह स्वयंले तथा सम्बन्धित वडा कार्यालयहरुले सुचना टाँस गर्ने तथा प्रचारप्रसार गर्ने व्यवस्था मिलाईने छ ।

## १९. अस्थायी ठेगाना समेतलाई मान्यता दिने:

(१) सुपरिवेक्षक तथा गणकले दरखास्त दिंदा उल्लेख गरेको स्थायी ठेगाना र नागरिकताको ठेगाना फरक परेमा र स्थायी ठेगाना रहेको वडामा काम गर्न चाहेमा सार्वजनिक निकायवाट जारी भएका (बिजुलीको बिल, खानेपानीको बिल वा अन्य कागजात) कुनै एक कागजातमा खुलेको ठेगानालाई मान्यता दिइनेछ।

(२) निवेदनकर्ताले अस्थायी रुपमा बसोबास गरेको वडामा काम गर्न चाहेमा सम्वन्धित स्थानीय तहमा अस्थायी रुपमा बसोबास गरेको प्रमाण खुलेको कुनै एक कागजात पेश गर्नु पर्नेछ ।

## २०. उम्मेदवारको अन्तिम छनोट र करारनामाः

(१) दफा १५ बमोजिमको सूचीबाट जनगणना कार्यालयले योग्यताक्रम अनुसार आवश्यक संख्यामा उम्मेदवारको अन्तिम छनोट गर्नेछ ।

(२) विभागले दफा १५ को उपदफा (२) बमोजिम व्यक्तिले भरेको विवरण र प्राप्त प्रमाणपत्रको आधारमा प्राप्त गरेको अंक जनगणना कार्यालयलाई उपलब्ध गराउनेछ ।

(३) जिल्ला जनगणना समन्वय समितिको सहमतिमा जनगणना कार्यालयले उम्मेदवारको अन्तिम सूची योग्यताक्रम अनुसार प्रकाशन करारनामा गराउनु पर्नेछ ।

## २१. वैकल्पिक सूची प्रकाशन गर्नेः

जनगणनाको स्थलगत कार्य सञ्चालन भइरहेको समयमा काबु बाहिरको परिस्थितिले गर्दा सुपरिवेक्षक तथा गणकले काम गर्न नसक्ने अवस्था आई अर्को व्यक्तिलाई काम लगाउनु पर्ने अवस्था आउन सक्ने भएकोले जनगणना कार्यालयले सुपरिवेक्षक तथा गणकको अन्तिम नामावली प्रकाशन गर्दा आवश्यक संख्याको २० प्रतिशतसम्म बैकल्पिक उम्मेदवार समेत समावेश गरी सूची प्रकाशन गर्नुपर्नेछ ।

## २२. कर्मचारी काजमा ल्याइ परिचालन गर्नेः

(१) आदेशको दफा १८ को उपदफा (५) अनुसार आवश्यक संख्यामा उम्मेदवारको निवेदन नपरेमा वा उम्मेदवार छनोट नभएमा जुन स्थानीय तहमा गणक तथा सुपरिवेक्षक नपुग भएको हो सोही स्थानीय तहमा कार्यरत योग्यता पुगेका शिक्षक/शिक्षिका, सरकारी कर्मचारी वा संस्थानका कर्मचारीमध्येबाट गणक (राजपत्र अनंकित द्वितीय श्रेणी वा सो सरहका) तथा सुपरिवेक्षक (राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहका) काजमा ल्याई परिचालन गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम शिक्षक वा कर्मचारी काजमा लिदाँ स्थानीय तहको सहयोग र समन्वयमा समेत गर्नु पर्नेछ।

## २३. सहयोग गर्नु पर्ने

सुपरिवेक्षक तथा गणक छनोट तथा भर्ना प्रक्रिया स्वतन्त्र, निष्पक्ष र पारदर्शी बनाउनको लागि सरोकारवालाहरुले प्रदेश, जिल्ला तथा  स्थानीय जनगणना कार्यालयलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

# परिच्छेद ४
# तालिम व्यवस्थापन

## २४. उद्देश्यः

राष्ट्रिय जनगणना २०७८ मा संलग्न हुने गणक, सुपरिवेक्षक लगायत अन्य जनशक्तिको विषयगत दक्षता तथा कार्यकुशलता अभिवृद्धिका लागि प्रदान गरिने तालिमलाई स्तरीय र सूचना प्रविधिमैत्री बनाई जनगणनाबाट प्राप्त हुने तथ्याङ्कको गुणस्तर अभिबृद्धि तथा विश्वसनीयता कायम गराउनु तालिमको मुख्य उद्देश्य हुनेछ। तालिम व्यवस्थापनका अन्य उद्देश्यहरु निम्न बमोजिम रहेका छन्ः-

१) जनगणना कार्यमा संलग्न हुने जनशक्तिको क्षमता विकासका लागि सञ्चालन हुने तालिमको प्रभावकारिता अभिवृद्धि गर्नु ।

२) तालिम व्यवस्थापन र प्रशिक्षणमा एकरूपता कायम गर्न नीतिगत मार्गनिर्देश गर्नु ।

३) स्तरीय, सरल र कार्यमुखी तालिम सामग्री तयार गर्नु ।

४) प्रशिक्षण कार्यमा सूचना प्रविधिको अधिकतम उपयोग गर्नु ।

## २५. तालिम व्यवस्थापनमा समन्वय र सहकार्य गर्नेः

विभागले तालिम व्यवस्थापन र सूचना तथा सञ्चार प्रविधिको उपयोगको लागि देहाय बमोजिमका विषयमा तहगत तथा निकायगत समन्वय, सहकार्य र सहयोग आदानप्रदान गर्नेछ।

(१) सबै तहका सरकारी निकाय तथा सार्वजनिक संस्थान र सामुदायिक संस्थासँग समन्वय गरी तालिम सामग्री प्रकाशन र प्रसारण गरिनेछ।

(२) दूरसञ्चार सेवा प्रदायक, टेलिभिजन, रेडियो तथा एफ. एम., केबुल टेलिभिजन आदिसँग लागत प्रभावी रूपमा समन्वय, सहकार्य तथा सहयोग आदानप्रदान गरी श्रव्यदृष्य सामाग्री प्रसारणका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग अभिवृद्धि गरिनेछ।

(३) नेपाल दूरसञ्चार प्राधिकरण तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थापना गरेका आईटी ल्याव (IT Lab) स्मार्ट स्कूल (साविकका स्रोत केन्द्र) लगायतका सुविधा सम्पन्न स्थानलाई तालिमका लागि प्राथमिकताका साथ प्रयोग गरिने छ।

(४) सबै तालिम स्थलहरूको छनोट, तालिम सामग्री तथा उपकरण र तालिमस्थल व्यवस्थापनको लागि स्थानीय तहहरुसँग समन्वय गरिनेछ।

(५) सबै तालिम स्थलहरूमा उपलब्ध भएसम्म आधुनिक प्रविधिको प्रयोग गर्न स्थानीय स्रोत परिचालन गरिनेछ।

(६) विद्यालय भवनमा तालिम सञ्चालन गर्नुपर्ने अवस्थामा पठनपाठनमा बाधा नपुर्याउन बिदा समायोजन गरी तालिम कक्षा उपलब्ध गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरिनेछ ।

## २६. तालिम केन्द्र तोक्नेः

सुपरिवेक्षक तथा गणक तालिमको लागि निम्न अनुसार तालिम केन्द्रहरु तोकिनेछ ।

(१) तालिम सञ्चालन हुने स्थलको लागि विद्युतको उपलब्धता, इन्टरनेट, शौचालय, पानी, चमेनागृह आदिको उपलब्धता सहित आवश्यक संख्यामा कोठाहरु भएको तथा फर्निचरको व्यवस्था भएको सरकारी वा सामुदायिक (उपलब्ध भएसम्म) स्वामित्वको स्थानलाई प्राथमिकता दिईने छ ।

(२) तालिम केन्द्र स्थानीय जनगणना कार्यालयको पायक पर्ने स्थानमा रहेको हुनुपर्ने छ।

## २७. तहगत तालिम आयोजना गर्नेः

(१) विभागले राष्ट्रिय जनगणना २०७८ मा संलग्न हुने गणक, सुपरिवेक्षक तथा अन्य जनशक्तिको लागि देहाय बमोजिम कार्यशाला/तालिम सञ्चालन गर्नेछ ।

(अ) राष्ट्रिय प्रशिक्षक कार्यशाला

- (क) यस कार्यशालाबाट राष्ट्रिय प्रशिक्षकहरु उत्पादन हुनेछन् ।
- (ख) यो कार्यशाला केन्द्रीय तहमा सञ्चालन हुनेछ ।
- (ग) यो कार्यशालामा जनगणना व्यवस्थापन समुह र अन्य आवश्यक व्यक्तिहरु सहभागी हुनेछन् ।
- (घ) यस कार्यशालाका सहभागीहरुले पहिलो तहको तालिममा प्रशिक्षण गर्नेछन् ।

(आ) पहिलो तहः केन्द्रीय तह कार्यशाला/तालिम

(१) राष्ट्रिय प्रशिक्षण सहजकर्ता कार्यशाला/तालिम

- (क) यस कार्यशाला/तालिमबाट राष्ट्रिय तालिम सहजकर्ताहरु उत्पादन हुनेछन् ।
- (ख) यो कार्यशाला/तालिम केन्द्रीय तहमा सञ्चालन हुनेछ ।
- (ग) यो कार्यशाला/तालिम विभागले तोकेको संख्यामा केन्द्रीय प्रशिक्षकहरू सहभागि हुनेछन् जसमा तथ्यांक सेवाका निर्देशकहरु, तोकिएका विभागका तथ्याङ्क अधिकृतहरु, अन्य संघीय निजामती सेवाका रा.प.द्धितीय श्रेणीका अधिकृतहरु र विभागले तोकेका अन्य अधिकृतहरु रहनेछन् ।

(घ) यस कार्यशाला/तालिमका सहभागीहरुले केन्द्र तथा प्रदेशमा सञ्चालन हुने अन्य तालिममा प्रशिक्षण गर्नेछन् ।

(ङ) यस कार्यशाला/तालिमका सहभागीहरुले विभागले खटाएको अवस्थामा जनगणनाको जुनसुकै तालिम वा अनुगमन तथा सुपरिवेक्षण कार्यमा अनिवार्य सहभागी हुनु पर्नेछ ।

(२) प्रदेश/जिल्ला जनगणना अधिकारी र सहायक जनगणना अधिकारी तालिमः-

(क) यस तालिममा प्रदेश/जिल्ला स्तरका तालिम सहजकर्ताहरु उत्पादन हुनेछन् ।

(ख) यो तालिम केन्द्रीय तहमा सञ्चालन हुनेछ ।

(ग) यो तालिममा प्रदेश/जिल्ला जनगणना अधिकारीहरू र प्रदेश/जिल्ला सहायक जनगणना अधिकारीहरू सहभागी हुनेछन् ।

(घ) यस तालिमका सहभागीहरुले प्रदेशमा सञ्चालन हुने मुख्य प्रशिक्षक तालिममा समेत प्रशिक्षण गर्नेछन् ।

(ङ) यस तालिमका सहभागीहरुलाई विभागले आवश्यक परेको अवस्थामा जनगणनाको जुनसुकै कार्यमा खटाउन सक्नेछ ।

(इ) दोस्रो तहः प्रदेशस्तर तालिम

(१) मुख्य प्रशिक्षक तालिमः-

(क) यस तालिमवाट सुपरिवेक्षक र गणक तालिमका लागि मुख्य प्रशिक्षकहरु उत्पादन हुनेछन् ।

(ख) यो तालिम प्रदेश तहमा सञ्चालन हुनेछ ।

(ग) यो तालिममा विभागले तोकेका मुख्य प्रशिक्षकको कार्य गराउन छानेका प्रदेश स्तरीय प्रशिक्षकहरु सहभागी हुनेछन् ।

(घ) मुख्य प्रशिक्षकहरुले स्थानीय तहमा आयोजना हुने गणकको तालिममा प्रशिक्षण गर्नु पर्नेछ । साथै आवश्यक परेको अवस्थामा जिल्लास्तरको सुपरिवेक्षक तालिममा समेत प्रशिक्षण गर्नु पर्नेछ ।

(ङ) देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिमध्ये बाट विभागले प्रदेश स्तरीय प्रशिक्षकको छनोट गर्नेछः-

(१) स्थानीय माध्यमिक तथा उच्च माध्यमिक तहमा तथ्याङ्क शास्त्र, जनसंख्या अध्ययन, विज्ञान, गणित, व्यवस्थापन, अर्थशास्त्र वा समाजशास्त्रमा अध्यापन गराईरहेका शिक्षकहरु

(२) विभागले खटाएको अवस्थामा सुपरिवेक्षकको कार्य गर्न समय दिन सक्ने ।

(३) विगतका जनगणनामा कार्य गरेको र स्थानीयस्तरमा स्थायी बसोबास भएकालाई प्राथमिकता दिइनेछ ।

(च) प्रदेश स्तरीय प्रशिक्षकहरुलाई विभागले सुपरिवेक्षणको कार्यमा खटाउन सक्नेछ ।

(छ) यो तालिममा तथ्याङ्क शास्त्र, जनसंख्या अध्ययन, विज्ञान, गणित, व्यवस्थापन, अर्थशास्त्र वा समाजशास्त्र विषयमा स्नातक तह उत्तिर्ण गरेका स्थानीयस्तरमा कार्यरत संघीय तथा प्रदेश/स्थानीय निजामती सेवाका अधिकृत स्तरका कर्मचारीहरु समेत सहभागी गराउन सकिनेछ ।

(२) स्थानीय जनगणना अधिकारी तालिमः-

(क) यो तालिम प्रदेश तहमा सञ्चालन हुनेछ ।

(ख) यो तालिममा प्रदेश/जिल्ला जनगणना कार्यालयले तोकेका स्थानिय जनगणना अधिकारीहरु सहभागी हुनेछन् ।

(ग) यस तालिमका सहभागीहरुले स्थानीय तहमा आयोजना हुने गणकको तालिममा प्रशिक्षण गर्नेछन् ।

(ई) तेस्रो तहः जिल्ला/स्थानीय जनगणना कार्यालयस्तर

(१) सुपरिवेक्षक तालिम

(क) यो तालिममा सुपरिवेक्षकहरु सहभागी हुनेछन् ।

(ख) यो तालिम जिल्ला तहमा सञ्चालन हुनेछ ।

(ग) यस तालिममा पहिलो र दोस्रो तहका प्रशिक्षक तथा सहभागीहरुले प्रशिक्षण गर्नेछन् ।

(२) गणक तालिम

(क) यस तालिममा गणकहरु सहभागी हुनेछन् ।

(ख) यो तालिम विभागले पूर्ववत तोकेका स्थानीयस्तरका तालिम केन्द्रहरुमा सञ्चालन हुनेछ ।

(ग) यस तालिममा प्रदेशस्तरीय तालिमका सहभागीहरुले प्रशिक्षण गर्नेछन् ।

(२) जनगणनाको स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भए पछि विभागले कोडिङ र डाटा इन्ट्री तालिम सञ्चालन गर्नेछ।यो तालिम विभागले तोकेका डाटा इन्ट्री केन्द्रहरुमा सञ्चालन हुनेछ ।

(३) उपदफा(१) बमोजिमको पहिलो र दोस्रो तहको तथा उपदफा (२) को तालिम विभागको तालिम शाखाले जनगणना शाखाको समन्वयमा गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको तेस्रो तहको सुपरिवेक्षक तालिम प्रदेश/जिल्ला जनगणना कार्यालय र गणक तालिम स्थानिय जनगणना कार्यालयले प्रदेश/जिल्ला जनगणना कार्यालयको समन्वयमा गर्नेछन् ।

## २८. तालिम सामग्री तयार गर्नेः

(१) जनगणनामा संलग्न हुने जनशक्तिको क्षमता अभिबृद्धी गर्न र तालिमलाई स्तरीय र देशभर एकै किसिमको बनाउन निम्न किसिमका तालिम पुस्तिका तथा सामग्रीहरु तयार गरिनेछः-

(क) गणना निर्देशिका

(ख) सुपरिवेक्षक निर्देशिका

(ग) प्रशिक्षक पुस्तिका तथा तालिम कार्य तालिका

(घ) जनगणना अधिकारी पुस्तिका

(ङ) अन्य सन्दर्भ सामग्रीहरु (लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण पुस्तिका, अपाङ्गता सम्वन्धी पुस्तिका)

(च) प्रशिक्षणमा समावेश गरिने विषयवस्तुको लागि मल्टिमिडिया प्रस्तुतिकरण स्लाइड्, प्रश्नावलीको फ्लेक्स प्रिन्ट, प्रशिक्षण भिडियो, प्रचार प्रसार सामग्री आदि ।

(छ) कक्षागत प्रशिक्षणको लागि कक्षा कार्य अभ्यास ।

## २९. तालिममा सूचना प्रविधिको उपयोग गर्नेः

विभागले सञ्चालन गर्ने तालिममा प्रयोग गरिने तालिम सामग्रीको उत्पादन र सोको प्रभावकारी प्रयोगमार्फत प्रशिक्षण तथा सिकाइमा आधुनिक तथा परम्परागत सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्न निम्न बमोजिमका कार्य गरिनेछः-

(क) आवश्यकता अनुसार टेलिभिजनमा भर्चुयल विधि तथा जनगणना दूरशिक्षा मार्फत तालिम सञ्चालन गर्ने ।

(ख) तालिम सामग्रीको सरल पहुँचको लागि युट्युव, सामाजिक सञ्जाल, वेब पोर्टल आदिको प्रयोग र सञ्चालन गर्ने ।

## ३०. तालिम अनुगमन तथा सिकाई मूल्यांकन गर्नेः

(१) विभागले सबै चरणका तालिमको उपयुक्त विधि र संयन्त्र मार्फत अनुगमन र सिकाईको मूल्यांकन गर्नेछ ।

(२) स्थानीयस्तरमा सञ्चालन हुने गणक तालिमको स्थानीय जनगणना समन्वय समिति तथा वडास्तरीय जनगणना सहजिकरण समितिबाट अनुगमन हुनेछ ।

(३) प्रशिक्षार्थीहरुको तालिम पूर्व र तालिम पश्चात निर्धारित मूल्यांकन विधिबाट सिकाई उपलब्धि तथा स्तर मापन गरिनेछ ।

(४) जनगणना कार्यालयले तालिम समापन पश्चात् सहभागीहरुको महिला पुरूष छुटीने गरी तालिम सम्पन्न प्रतिवेदन अनलाईन मार्फत पेश गर्नुपर्नेछ ।

## परिच्छेद ५

## गणना क्षेत्र नक्साङ्कन

**३१. फाइल जियो डाटावेस तयार गर्नेः**

(१) विभागले आदेशको दफा ५ को उपदफा (४) बमोजिम सबै स्थानीय तहको सीमा र अवस्थिति पहिचान हुने गरी भौगोलिक सूचना तथ्याङ्क सङ्कलन र नक्साङ्कनको कार्य गरी गणनाक्षेत्र नक्सा तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नक्सा तयार गर्न नापी विभागबाट प्राप्त सेप फाइल्स (Shape files) का आधारमा स्थलगत कार्य गरी प्राप्त तथ्याङ्कलाई ArcGIS सफ्टवेयरबाट सबै स्थानीय तहको फाइल जियो डाटावेस (File Geo-Database) तयार गरिनेछ ।

(३) उपदफा (१) बमोजिम भौगोलिक सूचना सङ्कलन गर्न फिल्ड कार्य हुन नसकेका स्थानीय तहको हकमा साविकको गाउँ विकास समिति वा नगरपालिकाको वडाहरुमा राष्ट्रिय जनगणना २०६८ को घरपरिवार संख्याको आधारमा घरपरिवार अनुमान गरी गणनाक्षेत्रको नक्सा तयार गरिनेछ ।

**३२. गणनाक्षेत्र नक्सा तयार गर्ने प्रक्रियाः**

(१) विभागले गणनाक्षेत्र नक्सा तयार गर्दा २०७८ सालको अनुमानित घरपरिवार संख्याका आधारमा सामान्यतया हिमालमा १३० देखि १५०, पहाडमा १६० देखि १९० र तराईमा २०० देखि २५० घरपरिवार हुने गरी गणनाक्षेत्र बनाइनेछ ।

(२) नगरपालिकामा गणनाक्षेत्र नक्सा तयार गर्दा स्थलगत कार्य गर्नको लागि नापी विभागबाट प्राप्त सेप फाइलस् (Shape files) अनुसार स्थानीय तहका सवै वडाको सिमाना खुल्ने नक्सा तयार गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको मापदण्डको आधारमा उपदफा (२) वमोजिम तयार गरिएको नक्सामा स्थलगत कार्य गरी गणनाक्षेत्र बनाइनेछ ।

(४) विभागले तयार पारेको उपदफा (१) बमोजिमको मापदण्ड भन्दा कम अनुमानित घरपरिवार भएका हालका वडामा एकमात्र गणनाक्षेत्र नक्सा बनाउने र वढी अनुमानित घरपरिवार संख्या भएका वडाहरुमा एकभन्दा बढी गणनाक्षेत्र तयार गरिनेछ ।

(५) स्थलगत कार्य गर्न नसकिने हालका गाउँपालिका तथा नगरपालिकाहरुमा साविकका गाउँ विकास समिति तथा नगरपालिकाका वडाहरुमा विभागले तयार पारेको उपदफा (१) बमोजिमको मापदण्ड अनुसार उपयुक्त गणनाक्षेत्र बनाइनेछ । यसरी गणनाक्षेत्र वनाउँदा हालका वडामा उपदफा (१) बमोजिमको मापदण्ड भन्दा कम घरपरिवार भएमा एक वा एक भन्दा वढी साविकका वडाहरु जोडिनेछ भने मापदण्डभन्दा बढी घरपरिवार भएमा साविकको वडालाई दुई वा दुई भन्दा वढी गणनाक्षेत्र वनाइनेछ ।

(६) उपदफा (४) र उपदफा (५) बाट प्राप्त तथ्याङ्कलाई ArcGIS सफ्टवेयरको प्रयोग गरी सबै स्थानीय तहको गणनाक्षेत्र नक्सा तयार गरिनेछ ।

(७) विभागले सम्भव भएसम्म गणनाक्षेत्र नक्साको सामन्जस्यता जाँच गरी अन्तिम नक्सा तयार गर्नेछ ।

(८) विभागको भौगोलिक सूचना प्रणाली शाखाले तयार गरेको अन्तिम गणनाक्षेत्र नक्सा राष्ट्रिय जनगणनाको स्थलगत कार्यको लागि दुई प्रति जनसंख्या शाखालाई उपलब्ध गराउनेछ ।

## ३३. गणनाक्षेत्र नक्सा प्रयोगः

(१) राष्ट्रिय जनगणनाको स्थलगत कार्य गर्नको लागि तयार गणनाक्षेत्र नक्सा सुपरिवेक्षक तथा गणकले अनिवार्य रुपमा प्रयोग गर्नु पर्नेछ ।

(२) विभागले गणनाक्षेत्र नक्सा अध्ययन र सोका आधारमा क्षेत्र पहिचानको लागि सबै तहका तालिममा प्रशिक्षण दिनेछ ।

(३) गणनाक्षेत्र नक्सा प्रयोग भए नभएको र सिमानाभन्दा बाहिर गएर गणना गर्ने वा अर्काको गणना क्षेत्रमा गएर गणना गर्न नहुने कार्यलाई कडाईका साथ पालन गर्न सम्बन्धित जनगणना कार्यालयको दायित्व हुनेछ ।

## ३४. गणनाक्षेत्र नक्सा अद्यावधिक गर्नेः

(१) जनगणना कार्यमा खटिएका सुपरिवेक्षकले गणना प्रयोजनको लागि प्राप्त नक्सामा गणनाक्षेत्रको सिमाना अद्यावधिक गर्नु पर्नेछ । यसका लागि प्रत्येक गणनाक्षेत्र नक्साको पछाडी भागमा गणनाक्षेत्रको अद्यावधिक सिमाना उल्लेख गर्ने महलमा गणनाक्षेत्रको पूर्व, उत्तर, पश्चिम र दक्षिण सीमा अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक गरिएको सीमानाको विवरण स्थानीय जनगणना कार्यालयमा रहेको नक्साको प्रतिमा पनि उतार गरी एक प्रति नक्सा गणकलाई दिने र अर्को प्रति जनगणना कार्यालयमा नै राखी सो अनुसार सुपरिवेक्षण कार्य गर्नु पर्नेछ ।

(३) गणक तथा सुपरिवेक्षकले स्थलगत कार्य सम्पन्न गरिसके पछि उपदफा (१) बमोजिमका गणनाक्षेत्र नक्सा सम्बन्धित जनगणना कार्यालयलाई फिर्ता गर्नु पर्नेछ । उक्त गणनाक्षेत्र नक्सा सुरक्षित साथ जिल्ला जनगणना कार्यालयले विभागमा पठाउनु पर्नेछ ।

(४) जनगणनाको स्थलगत कार्य गर्दाको समयमा अद्यावधिक गरिएका गणनाक्षेत्र तथा यसका सिमानाहरुलाई समावेश गरी भौगोलिक सूचना प्रणाली शाखाले गणनाक्षेत्र अद्यावधिक गर्नुपर्नेछ ।

## परिच्छेद ६

## सञ्चार तथा प्रचार प्रसार

**३५. उद्देश्य :**

जनगणना सञ्चार तथा प्रचार प्रसार व्यवस्थापनको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय जनगणना २०७८ को मुल नारा "मेरो गणना, मेरो सहभागिता" बमोजिमको भाव उत्पन्न गराई उत्तरदाताहरु स्वयं जनगणनामा सहभागी हुन प्रेरित गर्ने अनुकुल वातावरण बनाउने ।

(१) सरोकारवाला सबैलाई अपनत्वको भाव जगाउन जनगणनाको उद्देश्य, औचित्य, महत्व र यसमा सोधिने विषयवस्तुहरूबारे सुसूचित गराई संवेदनशील र उत्तरदायी बनाउने,

(२) जनगणनालाई एक बृहत राष्ट्रिय महाअभियानका रूपमा परिचित गराई हरेक क्षेत्र, लिङ्ग, वर्ग र पहुँच बाहिर रहेका समुदायसम्म जनगणनाको सन्देश पुर्याउने,

(३) गणनामा सहभागी हुने उत्तरदाताको कर्तव्य र दायित्व वोध गराउने तथा सङ्कलित विवरण गोप्य रहने र त्यस्तो विवरण दुरुपयोग नहुने कुरामा सबैलाई आश्वस्त वनाउने ।

(ख) सञ्चार र प्रचार प्रसार सम्बद्ध निकाय र सरोकारवाला सबैको समन्वय, सहकार्य तथा सहयोग बढाई जनगणनालाई उत्तरदातामैत्री बनाउने ।

(१) सबै प्रकारका सञ्चार माध्यम र विधिको पहुँच लगायत सूचना तथा सञ्चार प्रविधिजन्य पूर्वाधारहरूको मौजुदा स्थिति विश्लेषण गरी उपलब्ध अवसरहरूको उपयोग गर्ने,

(२) सबै किसिमका प्रचार प्रसारका माध्यम र विधिहरूको प्रयोगलाई व्यवस्थित गरी प्रचार प्रसारलाई व्यापक र उत्तरदातामैत्री बनाउने,

(३) सञ्चारकर्मीहरू बिच घनिष्ट सम्बन्ध स्थापित गराउने ।

(ग) जनगणनाको सन्देश स्पष्ट, सरल र सबैले जानकारी पाउन सक्ने वातावरण बनाउने ।

(१) सबै सञ्चार र प्रचार प्रसारका सन्देशमा एकरूपता कायम गर्दै सन्देश प्रवाहमा जनघनत्व तथा जनसंख्याको सामाजिक बनावटलाई समेत ध्यान दिदै विभिन्न भाषाको प्रयोग गर्ने ।

(२) जनगणनामा उत्तरदाताहरूको समर्थन र सहयोग हासिल गर्न प्रभाव पार्ने आन्तरिक र बाह्य तत्वहरूको विस्तृत आकलन गर्दै कसलाई के सूचना वा सन्देश कसरी र कहिले प्रवाह गर्ने भन्ने विषयको विश्लेषण लगायत लक्षित वर्ग पहिचान गरी किफायती किसिमले सञ्चार र प्रचार प्रसार कार्यक्रमहरू सञ्चालन गर्ने,

(३) जनगणना सन्देश प्रवाह तथा सहभागिता अभिवृद्धिमा स्थानीय समुदायको संलग्नता बढाउने,

(४) जनगणना कार्यका विभिन्न चरणमा नियमित सञ्चार प्रवाह र प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

## ३६. कार्यसमूह गठन गर्नेः

(१) आदेशको दफा १६ बमोजिम विभागले सञ्चार तथा प्रचार प्रसार कार्यलाई सहजीकरण गर्न देहाय बमोजिमको सञ्चार तथा प्रचार प्रसार कार्यसमूह गठन गर्नेछः-

(क) निर्देशक, जनसंख्या शाखा - संयोजक

(ख) तथ्याङ्क अधिकृत, प्रकाशन वितरण तथा पुस्तकालय शाखा - सदस्य

(ग) तथ्याङ्क अधिकृत, जनसंख्या शाखा - सदस्य

(घ) मिडिया विज्ञ - सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिले निम्न बमोजिमका कार्यहरु गर्नेछः-

(क) केन्द्र, प्रदेश, जिल्ला, स्थानीय तहहरुमा सञ्चार तथा प्रचार प्रसार गरिने सामग्रीको व्यवस्था मिलाउने,

(ख) प्रचार प्रसार सामग्रीको उत्पादन तथा प्रचार प्रसार योजना बनाउने,

(ग) सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने कार्ययोजना तयार गर्ने,

(घ) प्रचार प्रसारको अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ङ) प्राप्त प्रतिवेदनका आधारमा पृष्ठपोषण दिने,

(च) स्थानीय स्तरका सञ्चारकर्मी तथा सरकारी तथा गैह्र सरकारी संघसंस्थाहरूसँग समन्वय गरी प्रचार प्रसारका माध्यमहरुको उपयोग गर्ने व्यवस्था मिलाउने,

(छ) मिडिया वाच डेस्कमार्फत जनगणनाका विषय प्रकाशन तथा प्रसारणको सङ्कलन र संग्रह गर्ने,

(ज) जनगणना सञ्चार तथा प्रचार प्रसार प्रतिवेदन तयार गर्ने,

(झ) आवश्यकता बमोजिम विभागको निर्देशनमा अन्य कार्य गर्ने ।

(३) उपदफा (१) बमोजिमको कार्य समूहले दैनिकरुपमा प्रत्रपत्रिका तथा सञ्चार माध्यममा प्रकाशित लेख, समाचार, विज्ञापन आदिको लेखाजोखा तथा न्यूज द्रुत सर्वेक्षण गर्न न्युज डेस्कको व्यवस्था मिलाईनेछ ।

## ३७. जनगणनाको मूल नारा तथा लोगोः

(१) निर्देशक समितिको निर्णयानुसार जारी भएको जनगणनाको लोगो र मूल नारा “मेरो गणना, मेरो सहभागिता” लाई व्यापक प्रचार प्रसार गरिनेछ ।

(२) जनगणना सामग्री लगायत विभागले प्रयोग गर्ने सबै प्रकारका प्रकाशनमा उपदफा (१) बमोजिमको लोगो र मूल नारा प्रयोग गरिनेछ ।

(३) सरकारी निकाय तथा नीजि क्षेत्रका वेबसाइट, पत्र तथा अन्य सामग्रीमा उपदफा (१) बमोजिमको जनगणनाको मूल नारा तथा लोगो राख्ने व्यवस्थाको लागि सबै निकायमा अनुरोध गरिनेछ ।

## ३८. शिक्षा मुलक सन्देश प्रवाह गर्नेः

विभागले जनगणनाबारे सरोकारवालालाई सुसूचित गराउन देहाय बमोजिमको शिक्षामूलक सन्देश सरल भाषामा सन्तुलित रूपमा प्रवाह गर्नेछः-

(क) जनगणनाको उद्देश्य, महत्व र औचित्य बुझाउने तथा प्राप्त तथ्याङ्कको प्रयोग कसरी हुन्छ, यसबाट उत्तरदाता र समग्र मुलुकले कसरी लाभ लिन सक्छन् भन्ने विषय,

(ख) उत्तरदाताले दिएको सहि विवरणको गलत प्रयोग हुन सक्छ भन्ने भ्रम हटाउने विषय,

(ग) उत्तरदाताबाट प्राप्त तथ्याङ्क गोप्य रहने विषय,

(घ) जनगणनामा सहभागी नभएमा वा गलत विवरण दिएमा कसरी योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रणालीमा नकारात्मक असर पर्छ भन्ने विषय,

(ङ) जनगणनामा सहभागी भई सही विवरण दिनु उत्तरदाताको कानुनी दायित्व र कर्तव्य भएको विषय,

(च) जनगणनाको समयमा घरपरिवार तथा उत्तरदाताले के गर्ने, कुन मिति र अवधिमा सञ्चालन हुन्छ, के के गरिन्छ र कस्ता विवरणहरू सोधिन्छ, विवरणहरू कसरी कुन विधिवाट सङ्कलन गरिन्छ, उत्तरदाताको घरमा कम्तीमा कति पटक गणक वा सुपरभाइजरहरू आउँछन् भन्ने विषय,

## ३९. प्रचार प्रसार सामग्री उत्पादन, प्रसारण र वितरण गर्ने:

(१) आदेशको दफा २६ को उपदफा (१) बमोजिम विभागले जनगणनाको प्रचार प्रसारको लागि मूल नाराका अतिरिक्त अन्य सान्दर्भिक नाराहरु तय गरी विभिन्न भाषामा प्रयोगमा ल्याउनेछ ।

(२) उपदफा (१) बमोजिम विभागले जनगणनाको सन्देश प्रवाहको लागि पर्चा, ई-कार्ड, प्रचार प्रसार पुस्तिका, ब्रोसर, पोस्टर, ब्यानर, टोपी, झोला, नोटबुक, डायरी, हाते पुस्तिका, क्यालेन्डर, जनगणना सन्देश मुलक गीत, गजल, कथा, कविता, संवाद, परिसंवाद, नाटक, सडक नाटक, जिङ्गल, फिचर, डकुमेन्ट्री, अन्तर्वार्ता, जनगणना भिडियो, सूचना आदि श्रव्य एवम् दृष्य सामग्रीहरू डिजाइन, उत्पादन र वितरण गर्न सकिनेछ ।

## ४०. प्रचार प्रसारको लागि सहकार्य र समन्वय गर्ने:

(१) आदेशको दफा २६ को उपदफा (२) बमोजिम विभागले प्रचार प्रसार लगायत आवश्यक सहयोगका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेशमा मुख्यमन्त्रीको कार्यालय तथा सामाजिक विकास मन्त्रालयलाई, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै जिल्ला समन्वय समिति तथा स्थानीय तहलाई र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत शिक्षा विकास तथा समन्वय इकाईलाई अनुरोध गर्नेछ ।

(२) जनगणना कार्यालयले शिक्षा विकास तथा समन्वय इकाई मार्फत जिल्ला भित्रका स्थानीय तहका शिक्षा शाखा प्रमुख तथा विद्यालयका प्रधानाध्यापकको बैठक बोलाई जनगणनाको प्रचार प्रसारसँग सम्बन्धित विषयमा छलफलको व्यवस्था गर्नेछ ।

(३) जनगणना कार्यालयले सम्बन्धित विद्यालयको समन्वयमा जनगणनाको प्रचार प्रसारमा सहजीकरणका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघसँग अन्तरक्रिया सञ्चालन गर्नेछ ।

(४) जनगणना कार्यालयले विद्यालय, विद्यालय व्यवस्थापन समिति र शिक्षक/अभिभावक संघ संगठन मार्फत विद्यार्थीहरूको सहयोग लिई जनगणनाको प्रचार प्रसार सामग्री र सन्देश घरदैलो कार्यक्रममार्फत छरछिमेकसम्म पुर्याउन समन्वय गर्नेछ ।

(५) जनगणना कार्यालयले सबै जिल्लामा जनगणना सचेतना कार्यक्रम गरी प्रचार प्रसारका लागि सहकार्य र समन्वय गर्नेछ।

## ४१. आम सञ्चारको उपयोग गर्नेः

(१) विभागले जनगणनाको प्रचार प्रसारको लागि रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन मिडिया जस्ता आम सञ्चार माध्यमको उपयोग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभाग वा जनगणना कार्यालयले गणना पूर्व, गणनाको अवधिमा र गणना पश्चात् जनगणनाका सन्देश, प्रचार प्रसार सामग्री, समाचार र नतिजा सरोकारवाला समक्ष पुर्याउन राष्ट्रिय समाचार समिति लगायत राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमहरूसँग सहकार्य र समन्वय गर्नेछ ।

(३) विभागले जनगणनाका प्रमुख क्रियाकलापहरुको विषयमा सञ्चारकर्मीलाई सही किसिमले जानकारी गराउन र उनीहरूको पूर्ण सहयोग प्राप्त गर्न आवश्यकता अनुसार पत्रकार सम्मेलन गर्नेछ ।

(४) विभागले राष्ट्रियस्तरका रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन मिडियाका प्रमुख सम्पादकहरूसँग छलफल तथा अन्तरक्रिया वा नियमितरूपमा बैठकको आयोजना गरी जनगणनाका सन्देशहरू समान र स्तरीयरूपमा प्रकाशन तथा प्रसारण गर्न अभिप्रेरित गर्नेछ ।

(५) विभागले नेपाल पत्रकार महासंघको समन्वयमा संस्थागत सामाजिक उत्तरदायित्व अनुसार राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यम, रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन मिडियाहरूलाई जनगणनाको सन्देश तथा शिक्षा मुलक सामग्री निःशुल्क प्रचार प्रसारको लागि अनुरोध गर्नेछ ।

(६) जनगणनाको सन्देश तथा शिक्षा मुलक सामग्री प्रसारण गर्न राष्ट्रिय तथा स्थानीय रेडियो, एफ.एम., टेलिभिजन, अनलाइन मिडिया र केबुल टेलिभिजन नेटवर्कको समेत लागत प्रभावी किसिमले उपयोग गर्नु पर्नेछ ।

(७) विभागले जनगणना कार्यक्रम प्रभावकारी बनाउन रेडियो तथा टेलिभिजनबाट नियमितरूपमा बहस, अन्तर्क्रिया, परिसंवाद लगायतका लोकप्रिय कार्यक्रमको समेत उपयोग गर्न सम्बन्धित सञ्चार माध्यमलाई अनुरोध गर्नेछ ।

(८) विभागले जनगणनाका क्रियाकलापलाई अभियानका रूपमा लैजान लगातार रूपमा सञ्चार माध्यम मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन तथा विज्ञापन प्रसारणको व्यवस्था मिलाउनेछ ।

(९) विभागले प्रेस प्रयोजनका लागि जनगणनाको सन्देश तथा शिक्षामूलक सामग्रीहरू जस्तैः विज्ञापन, प्रेस रिपोर्ट, डकुमेन्ट्री, प्रेस रिलिज, प्रेस किट आदिको डिजाइन, उत्पादन र वितरण गर्नेछ ।

(१०) विभागले जनगणनाका गतिविधिहरूको अद्यावधिक जानकारी सरोकारवालाहरुलाई इमेल सब्स्क्रिप्सन मार्फत नियमितरूपमा स्वचालित ढङ्गले पठाउने व्यवस्था गर्नेछ ।

(११) विभागले जनगणना शिक्षा, सूचना सन्देश तथा प्रचार प्रसार गर्न मुख्य भाषाका राष्ट्रिय वा स्थानीय पत्रपत्रिका लगायतका आमसञ्चार माध्यमहरूको निश्चित स्थान वा समय खरिद गरी किफायती प्रकाशन वा प्रसारणको व्यवस्था मिलाउनेछ ।

## ४२. सूचना प्रविधिको प्रयोग गर्नेः

विभागले जनगणना सम्बन्धी प्रचार प्रसार र सन्देश प्रवाहको लागि सूचना प्रविधिको प्रयोग गर्न देहायको विधि अवलम्बन गर्नेछः-

(क) जनगणनाको लागि अलग्गै टोल फ्री नम्बरको व्यवस्था गरी सरोकारवालाले राखेका जिज्ञासाहरूको तत्कालै निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।

(ख) जनगणनाको तथ्याङ्क सङ्कलन कार्य सञ्चालनको समयमा अलग्गै हेल्प डेस्क स्थापना गरी गणक तथा सुपरभाइजरलाई परेको प्राविधिक समस्याको तत्कालै समाधान गरिनेछ ।

(ग) जनगणनाको अलग्गै website/webpage र blog तयार गरिनेछ ।

(घ) टोल फ्री सेवालाई दूरसञ्चार सेवा प्रदायकको सहयोगमा सम्भव भएसम्म जनगणनाको प्रादेशिक र जिल्ला कार्यालयसम्म विस्तार गरिनेछ ।

(ङ) दूरसञ्चार सेवा प्रदायकहरूको सहकार्य, सहयोग र समन्वयमा एसएमएस (SMS) मार्फत प्रचार प्रसार गर्न जनगणनाका लागि छुट्टै सर्ट कोड (Short Code) जारी गरी सोही नम्बरबाट सरोकारवालाहरूलाई बल्क एसएमएस (Bulk SMS) मार्फत सूचना पठाउने तथा जानकारी लिने व्यवस्था मिलाइनेछ ।

(च) जनगणनाको प्रचार प्रसार तथा सूचना प्रवाह गर्न जनगणनाको वेबपेज मार्फत फेसबुक, ट्विटर, युट्युव लगायतका सामाजिक सञ्जालमा श्रव्य दृष्य सामग्रीहरू र विभिन्न जानकारी उपलब्ध गराउने तथा सरोकारवालाहरुको जिज्ञासा, सुझाव तथा गुनासो व्यवस्थापन गरिनेछ ।

(छ) दूरसञ्चार सेवा प्रदायकहरूको समन्वयमा आफ्ना सञ्जाल मार्फत सरोकारवालाहरूलाई राष्ट्रिय जनगणना सम्बन्धी सूचनाहरू एसएमएस, ईमेल तथा वेबच्याट मार्फत उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

(ज) दूरसञ्चार सेवा प्रदायकहरूको समन्वयमा मोवाईल/टेलिफोन कल टोन (CRBT) मार्फत जनगणना सम्बन्धी सूचना प्रसार गरिनेछ ।

(झ) मोवाईल एप्स तयार गरी सो मार्फत जानकारी, सुझाव तथा गुनासो व्यवस्थापन गरिनेछ ।

(ञ) केवुल टेलिभिजन, इन्टरनेट टेलिभिजन तथा स्याटेलाईट टेलिभिजन मार्फत जनगणना सम्बन्धी सन्देशहरु स्क्रोलिङ (Scrolling) तथा काउन्टडाउन लगायतका विधिबाट सम्प्रेषणको व्यवस्था गरिनेछ ।

(ट) विभागले जनगणनालाई आवश्यक सिमकार्डहरू सहुलियत दरमा उपलब्ध गराउन नेपाल दूरसञ्चार प्राधिकरण तथा अन्य सेवा प्रदायकहरूबिच समन्वय गर्नेछ ।

(ठ) नेपाल दूरसञ्चार प्राधिकरणले उपलब्ध भएसम्म निःशुल्क उपलब्ध गराएका इन्टरनेट सेवाको प्रयोग गरिनेछ ।

(ड) जनगणनासँग सम्बन्धित बारम्बार सोधिने सम्भावित प्रश्नहरू (FAQ) र तिनको सहि उत्तर तयार गरी छापा र इलेक्ट्रोनिक दुवै माध्यमबाट प्रकाशन तथा प्रसारण गरिनेछ ।

## ४३. पेशागत तथा अन्य संघ संस्थाहरुसँग सहकार्य गर्नेः

विभागले जनगणना सचेतनाका लागि पेशागत संघ/महासंघ, संस्थासँग सहकार्य गरी देहायका कार्यक्रम सञ्चालन गर्नेछः-

(क) राष्ट्रिय र स्थानीयस्तरमा भएका सबै सहकारी संस्था, ट्रेड युनियन, उद्योग तथा वाणिज्य संघ/महासंघ, पेशागत संघ/महासंघ, उपभोक्ता संघ, व्यावसायिक संघसंस्था, धार्मिक संघसंस्था आदि मार्फत जनगणनामा सहभागिताको लागि अपिल गर्ने व्यवस्था गरिनेछ ।

(ख) विभागले पत्रकार महासंघको सहयोगमा मेडिया समूहहरुसँग आवश्यक सहकार्य गर्नेछ।

(ग) जनगणनामा चर्चित राजनीतिज्ञ, पेशागत व्यक्तित्व वा कलाकार आदिको सहभागिताको लागि सार्वजनिक आह्वानसहितको सन्देश रेडियो तथा टेलिभिजनबाट प्रसारण गरिनेछ ।

(घ) जनगणनामा आमसहभागिता बढाउन कलाकारिता क्षेत्रका बहुचर्चित सेलिब्रेटिलाई जनगणना सद्भावना दूतको रूपमा नियुक्त गरिनेछ ।

(ङ) देशका सबै राजनीतिक दल र तिनका भ्रातृ सङ्गठनबाट जनगणनामा सहभागी हुन र सहयोग गर्न अपिल गरिनेछ ।

(च) राष्ट्रिय, प्रादेशिक र स्थानीयस्तरमा हुने प्रदर्शनी वा समारोहमा आयोजकसँगको समन्वयमा जनगणनाको प्रदर्शनी स्टलहरू राखिनेछ ।

**४४. प्रचार प्रसार सामग्रीको वर्गिकरण गर्नेः**

(१) विभागले जनगणना सम्बन्धी विषयको जानकारीलाई लक्षित वर्ग अनुसार बढी प्रभावकारी, द्विविधारहित र सद्भावपूर्ण बनाउन सो सम्बन्धी सामग्रीलाई उत्तरदाताको आधारमा वर्गीकरण गरी उपयुक्त सामग्री र प्रचार प्रसारको माध्यमको छनोट गर्नेछ ।

(२) विभागले उपदफा (१) बमोजिमको सामग्री शहरी क्षेत्र, ग्रामीण क्षेत्र, आमसञ्चार माध्यमले नसमेट्ने क्षेत्र तथा वर्ग र सजिलै पुग्न कठिनाई हुने क्षेत्रको लागि छुट्टाछुट्टै प्रचार प्रसार अभियानको व्यवस्था गर्नेछ ।

**४५. जनगणना शिक्षा कार्यक्रम सञ्चालन गर्नेः**

विभागले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँगको समन्वय, सहकार्य र सहयोगमा देहाय बमोजिमका जनगणना शिक्षा कार्यक्रम सञ्चालन गर्नेछः-

(क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्रद्वारा मातहतका निकायलाई गरिने निर्देशनका विषयवस्तुसँगै जनगणनाको सचेतना र प्रचार प्रसारका लागि सहयोग पुग्ने किसिमका निर्देशन समेत जारी गर्ने व्यवस्था मिलाइनेछ ।

(ख) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गतका निकाय तथा स्थानीय तहले शिक्षकहरूको तालिम सञ्चालन गर्ने समयमा कम्तीमा एउटा सत्र जनगणना शिक्षाको बारेमा तालिम दिने व्यवस्था मिलाइनेछ ।

(ग) विद्यालयमा रहेका जुनियर रेडक्रस सर्कल, बालक्लब र स्काउटलाई जनगणना सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने र उनीहरूमार्फत जनगणनाको महत्व, आवश्यकता सहित गाउँ, टोल, छरछिमेकमा प्रचार प्रसार गर्न सहयोग लिईनेछ ।

(घ) विद्यालयमा बिहान प्रार्थनाको समयमा केहि समय लिई जनगणनाको महत्त्व र सोको प्रचार प्रसारका लागि जानकारी गराउने साथै जनगणना सम्बन्धी प्रचार सामग्रीहरु (पोष्टर, बुलेटिन, ब्रोसर तथा लिफ्लेट्स) प्रत्येक शिक्षक तथा विद्यार्थी मार्फत घरघरमा पुर्याइनेछ ।

(ङ) विद्यालयका शिक्षकहरूलाई जनगणनाको समयमा आवश्यक सहयोगका लागि आह्वान गरिनेछ ।

(च) कक्षा ९ र १० मा पढ्ने विद्यार्थीलाई जनगणना सम्बन्धी सचेतना अभिवृद्धि तथा प्रचार प्रसारमा सहयोग पुर्याउने हिसाबले समुदायमा आधारित भई प्रोजेक्ट वर्क गर्न लगाइनेछ ।

(छ) जनगणना शिक्षा र सोको प्रचार प्रसारमा सहयोगका न्यूनतम आधारहरू तोकी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्रद्वारा शिक्षा विकास तथा समन्वय इकाईलाई परिपत्र गरिनेछ ।

(ज) कक्षा शिक्षक वा सामाजिक शिक्षक वा जनसङ्ख्या विषय अध्यापन गराउने शिक्षकद्वारा कक्षा ६ भन्दा माथिका विद्यार्थीलाई कुनै एक पिरियडमा जनगणना सम्बन्धी सचेतना र प्रचार प्रसार सम्बन्धी विद्यालय जनगणना शिक्षा कक्षा सञ्चालन गरिनेछ ।

(झ) सबै बिद्यालयको सूचना पाटीमा सबैले देख्न सक्ने गरी जनगणना स्टिकर, लोगो तथा अन्य जनगणना सम्बन्धी सूचना टाँस गरिदिन अनुरोध गरिनेछ ।

## ४६. जनगणनाको प्रचार प्रसार तथा सन्देश प्रवाह सम्बन्धी व्यवस्थाः

(१) विभागले जनगणना सम्बन्धी विषयमा समाचार, संवाद, बहस, अन्तर्क्रिया आदि सामाजिक सञ्जाल, रेडियो, टेलिभिजनमार्फत सञ्चालन गर्नुको अतिरिक्त सम्मेलन, गोष्ठी, छलफल, बैठक, भेलाको समेत आयोजना गर्नेछ ।

(२) विभिन्न पेशा, भाषा, जातजाति, धर्म, राजनीति तथा अन्य विषयगत संघ संगठनहरूको समेत राय सुझाव लिइनेछ ।

(३) विभागले सबै सरकारी, गैरसरकारी, निजी संघसंस्थाको समन्वयमा सम्बन्धित कार्यालयमा वा ग्राहक सेवा केन्द्रमा तपसिल बमोजिमको जनगणना प्रचार प्रसार सामग्री राख्न अनुरोध गर्नेछः-

(क) सम्भव भएसम्म प्रमुख टेलिभिजन च्यानल, रेडियो, पत्रपत्रिका, आदिमा जनगणना रिमाइन्डर (Countdown) प्रसारण गर्न,

(ख) जनगणना स्टिकर, लोगो, सूचना, व्यानर टाँस गर्न,

(ग) शहर, गाउँ बस्तीका प्रमुख चोक, दोबाटो तथा चौबाटोमा जनगणना प्रचार प्रसार होर्डिङ बोर्ड, तुल, व्यानर पोस्टर आदि राख्न,

(घ) ग्रामीण क्षेत्रमा लाग्ने हाटबजार तथा मेलामा जनगणना केन्द्रित विशेष प्रचार प्रसार कार्यक्रमहरू सञ्चालन गर्न,

(ङ) सिनेमा हलमा डकुमेन्ट्री तथा सन्देश प्रवाह गर्न,

(च) सम्भव भएसम्म डिस्प्ले बोर्ड/इलेक्ट्रोनिक डिस्प्ले बोर्ड सहयोग वा भाडामा लिईएर सन्देश प्रवाह गर्न,

(छ) सडकमा रहेका फ्लाई ओभरको प्रयोग गरी सन्देश प्रशारण गर्न,

(ज) सूचना विभागबाट प्रकाशन हुने क्यालेन्डरमा जेठ र असार महिनामा जनगणना सम्बन्धी फोटो तथा सन्देश राख्न ।

## ४७. प्रचार प्रसार व्यवस्थापनः

(१) विभागले ग्राहक संख्या र पहुँचको दायराका आधारमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनगणनाका प्रचार प्रसार सामग्री लागत प्रभावी तरिकाले वितरण गर्नेछ ।

(२) विभागले उपदफा (१) बमोजिम सम्भव भएसम्म केन्द्रीय प्रसारणबाट प्रचार प्रसारको व्यवस्था मिलाउने छ । त्यसैगरी जनगणना कार्यालयहरुले प्रदेश तथा जिल्लास्तरबाट हुने प्रचार प्रसारका कार्य गर्नेछन् ।

(३) विभागले सञ्चारमाध्यमलाई प्रचार प्रसार सामग्री वितरण गर्दा स्वसाझेदारी कार्यलाई प्राथमिकता दिनेछ ।

## ४८. सञ्चार तथा प्रचार प्रसारका चरणहरुः

(१) विभागले घर तथा घरपरिवार सूचीकरण र मुख्य गणनाको समयमा देहाय बमोजिमको चरणमा सञ्चार तथा प्रचार प्रसारका कार्य गर्नेछः-

(क) मुख्य गणनाको नजिकको समयमा सञ्चार तथा प्रचार प्रसारः मुख्य गणनाको नजिकको समयमा जनगणना कहिले देखि हुन्छ, यसमा के के सोधिन्छ, यो कसरी गरिन्छ, किन गरिन्छ उत्तरदाताको दायित्व र कर्तव्य के हो, विवरणको गोप्यता कसरी सुरक्षित राखिन्छ र यसमा कसरी सहयोग गर्न सकिन्छ, आफ्नो घरपरिवारमा विवरण सोध्न गणक नआएमा के गर्ने आदि जस्ता विषयमा व्यापक प्रचार प्रसार गरिनेछ ।

(ख) मुख्य गणनाको समयावधिमा सञ्चार तथा प्रचार प्रसारः मुख्य गणनाको समयावधिमा मुख्य रूपले सबै उत्तरदाता जनगणनामा सहभागी हुने र आफूले चिने जानेका व्यक्ति र छरछिमेकीलाई सरिक हुन सल्लाह दिने तथा सही विवरण दिनको लागि सबैलाई उत्प्रेरित गरिनेछ। जनगणनाको उद्देश्य पूरा गर्न उत्तरदाताको रूची बढाई मूल गणनामा सहभागिताका लागि प्रेरित गर्न विशेष किसिमको प्रचार प्रसार गरिनेछ ।

(ग) जनगणनाको अन्तिम दिन सूचना प्रवाहः जनगणनाको अन्तिम दिन जनगणनामा कुनै व्यक्ति तथा परिवार छुटेको थाहा भएमा तत्काल खवर गरिदिन अनुरोध गर्नुका साथै निश्चित बासस्थान नभएका व्यक्तिहरुलाई आफू रहेको क्षेत्रमा खटिएको गणकसँग सम्पर्क गरी विवरण उपलव्ध गराउन अनुरोध गरिनेछ । सबै उत्तरदाता तथा आम नागरिकलाई

जनगणनामा सरिक भएकोमा धन्यवाद ज्ञापन गरिनेछ । गणनाको प्रारम्भिक नतिजा प्रकाशनको अनुमानित मिति समेटी सूचना प्रवाह समेत गरिनेछ ।

### ४९. प्रदेश समन्वय परिषदमा छलफल गरिनेः

जनगणनाको तयारी, विधि, प्रक्रिया, महत्त्व, तहगत समन्वय, सहकार्य र सहयोग सम्बन्धी विषय संघ प्रदेश र स्थानीय तह अन्तर सम्बन्ध तथा समन्वय ऐन २०७७ को दफा २४ बमोजिमको प्रदेश समन्वय परिषद्को बैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाई सबै तहको सहयोगको प्रतिबद्धता प्राप्त गरिनेछ ।

### ५०. अनुगमन तथा मूल्याङ्कनः

(१) विभागले जनगणनाको सूचना तथा सन्देश प्रसारण सम्बन्धमा आम सरोकारवाला सूचित भए नभएको वा यथार्थ बुझाईको अवस्थाबारे नियमितरूपमा धारणा बुझ्न छुट्टै कार्यक्रम र मिडिया कभरेज थाहा पाउन न्यूज डेस्क मार्फत द्रुत सर्वेक्षण गर्नेछ । कुनै गलत बुझाइ रहेको पाइएमा सोको संशोधनका लागि छुट्टै सन्देश प्रवाह गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि जनगणनाको सम्बन्धमा तहगतरूपमा भएको प्रचार प्रसारको अनुगमन सम्बन्धित जनगणना समन्वय समितिले गर्नेछ ।

(३) सम्वन्धित जनगणना कार्यालयहरुले उपदफा (१) र उपदफा (२) बमोजिम अनुगमन मूल्यांकनको प्रतिवेदन तयार गरी विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ७
## गणना सामग्रीहरुको ढुवानी, भण्डारण र व्यवस्थापन

### ५१. संकलित फारामहरुको भण्डारण र व्यवस्थापन गर्नेः

राष्ट्रिय जनगणनाको लागि ठूलो संख्यामा प्रश्नावली फाराम तथा गणना सामग्रीको व्यवस्थापन गर्नुपर्ने भएकोले प्रश्नावली तथा गणना सामग्रीलाई स्थानीय स्तरसम्म ढुवानी र भण्डारण गर्ने, स्थानीयस्तरवाट भरिएका प्रश्नावलिहरु केन्द्रसम्म ल्याउने तथा तथ्याङ्क प्रशोधन केन्द्रमा प्रश्नावलीलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ ।यसका लागि निम्न कार्यहरु गरिनेछः-

(क) प्रश्नावली तथा गणना सामग्रीको संख्या सुनिश्चित गर्ने,

(ख) प्रश्नावली तथा गणना सामग्रीको उपयूक्त समयमा सुरक्षित तवरले ढुवानी गर्ने,

(ग) स्थलगतरुपमा संकलित विवरणको पूर्ण सुरक्षा तथा गोपनीयता सुनिश्चित गर्ने,

(घ) भरिएका फाराम तथा अन्य गणना सामगीहरु सुरक्षितरुपमा परिवहन गरी विभागमा ल्याउने र प्रशोधनका लागि आवश्यक पूर्व तयारी गर्ने,

(ङ) तथ्याङ्क प्रविष्टि कार्यमा प्रश्नावलीको उचित व्यवस्थापन गर्ने ।

**५२. गणना सामग्री प्याकिङ र ढुवानी गर्ने :**

(१) विभागले वडा तथा स्थानीय तह अनुसार गणना सामग्रीको प्याकिङ तथा गन्ति सुनिश्चित गरी सबै प्रदेश तथा जिल्ला जनगणना कार्यालयसम्म ढुवानीको व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) बमोजिम गणना सामग्री प्याकिङ गर्दा वडा तथा स्थानीय तह अनुसार अलग अलग प्लाष्टिक थैलोमा प्याकिङ गरी सुरक्षित तवरले जुटको बोरामा प्याक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको गणना सामग्री प्रदेश तथा जिल्ला जनगणना कार्यालयले मातहतका स्थानीय जनगणना कार्यालयसम्म ढुवानीको व्यवस्था गर्नेछ ।

(४) स्थानीय जनगणना कार्यालयबाट आवश्यक गणना सामग्रीहरु बुझी आफ्नो गणना क्षेत्रसम्म लैजाने र भरिएका प्रश्नावली तथा सामग्रीहरु बुझाउनका लागि स्थानीय जनगणना कार्यालयसम्म ल्याउने जिम्मेवारी सम्बन्धित गणक तथा सुपरिवेक्षकको हुनेछ ।

(५) उपदफा (१) बमोजिम प्रदेश तथा जिल्लामा पठाइए अनुसार नै वडा तथा स्थानीय तह अनुसार भरिएका प्रश्नावली फारामहरु जनगणना कार्यालयले प्याकिङ गरी सात दिनभित्र विभागमा पठाउनु पर्नेछ ।

**५३. संकलित फारामको पूर्णता परिक्षण गर्नेः**

(१) गणक तथा सुपरिवेक्षकले आदेशको दफा ५ अनुसार संकलित प्रश्नावली फारामको पूर्णताको परिक्षण फिल्डमा नै गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गणकले भरेको प्रत्येक प्रश्नावली र सोसँग सम्बन्धित विवरण राम्रोसँग भरे नभरेको जाँच गरी भरेको सुनिश्चित गर्नु सुपरिवेक्षकको कर्तव्य र जिम्मेवारी हुनेछ ।

(३) उपदफा (२) बमोजिम प्रश्नावली फारामको जाँच गर्दा कुनै प्रश्न पूर्णरुपमा नभरिएको पाइएमा सम्बन्धित उत्तरदातासँगको सम्पर्कमा तत्काल पुन: भर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**५४. स्थलगतरुपमा संकलित फाराम बुझ्ने प्रक्रियाः**

(१) जनगणना अधिकारीले आफ्नो कार्यक्षेत्र भित्रको स्थलगत कार्यबाट संकलित फारामहरु बुझ्नको लागि आवश्यक जनशक्तिको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य गर्न जनगणना कार्यालयले उपलब्ध जनशक्ति वा आवश्यकता बमोजिम गणक तथा सुपरिवेक्षक मध्येबाट प्रश्नावली फाराम जाँचकीको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) जनगणना अधिकारीले स्थलगत कार्यबाट संकलित फारामहरु बुझ्न प्रश्नावली फाराम जाँचकीको रुपमा खटाएमा सो कार्य गर्नु गणक तथा सुपरिवेक्षकको कर्तव्य र जिम्मेवारी हुनेछ ।

(४) दफा ५२ बमोजिम कार्य सम्पन्न भएपछि गणक तथा सुपरिवेक्षकहरुले अनुसूची ७ बमोजिमको कन्ट्रोल फाराम र अनुसूची ८ बमोजिमको कार्य सम्पन्नता फाराम भरी बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम फारामहरु बुझाई सकेपछि मात्र प्रदेश तथा जिल्ला जनगणना कार्यालयले सम्बन्धित व्यक्तिको बैंक खातामार्फत तोकिएको रकम भुक्तानी गर्नेछ ।

(६) जनगणना अधिकारीले स्थलगत कार्यबाट संकलित फारामहरु बुझ्न कार्यालय परिसरभित्रै अलग डेस्कको व्यवस्था गर्नुपर्नेछ ।

(७) जनगणना अधिकारीले स्थलगत कार्यबाट संकलित फारामहरु बुझ्न आवश्यक कर्मचारी व्यवस्था गर्नुपर्नेछ ।

(८) फाराम बुझाउँदा सम्वन्धित गणक तथा सुपरिवेक्षक अनिवार्य रुपमा उपस्थित भई संयुक्त रुपमा संकलित फाराम बुझाउनु पर्नेछ ।

(९) जनगणना अधिकारीले कर्मचारीको आलोपालो मिलाएर स्थलगत कार्यबाट संकलित फाराम बुझ्ने व्यवस्था गर्नेछ।

## ५५. फाराम बुझ्दा जाँच गर्नु पर्ने कुराहरुः

(१) दफा ५४ बमोजिम फाराम बुझ्दा तोकिएका कर्मचारीले निम्न कुराहरुको जाँच गर्नुपर्नेछः-

(क) हरेक प्रश्नका उत्तर ठीकसँग भरे नभरेको तथा प्रश्नावलीको पूर्णता,

(ख) बुक संख्या र बुक भित्र भरिएका फाराम संख्या,

ग) खालि बुक तथा फारामको संख्या,

घ) कन्ट्रोल फाराममा भरिएको जनसंख्या,

च) कन्ट्रोल फाराम ठीकसँग भरे नभरेको,

छ) कार्यसम्पन्न फाराम ठीकसँग भरे नभरेको,

(२) उपदफा (१) अनुसार फाराम जाँचकी पूर्ण सन्तुष्ट भएमा प्रश्नावली फाराम बुझ्नु पर्नेछ ।

## ५६. गणक तथा सुपरिवेक्षकलाई सूचित गराउनु पर्नेः

(१) जनगणना अधिकारीले गणक तथा सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार तथा उनिहरुले पाउने सुविधा लगायत स्थलगत कार्यबाट संकलित फाराम फिल्डमा जाँच गर्ने तथा कार्यालयमा बुझाउने प्रक्रियाको बारेमा जानकारी गराउनुका साथै अनुगमन तथा सुपरिवेक्षण गर्ने समयमा पनि फाराम बुझाउने प्रक्रियाको बारेमा पूर्व सूचित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जनगणना अधिकारीले तथ्याङ्कको पूर्णताको महत्व र यसले पार्ने असरबारे पनि गणक तथा सुपरिवेक्षकलाई पूर्व जानकारी गराउनु पर्नेछ ।

## ५७. स्थानीयस्तरमा प्रश्नावली भण्डारणः

(१) दफा ५४ बमोजिम संकलित फाराम बुझिसकेपछि सुरक्षित रुपमा त्यसलाई भण्डारण गर्ने र विभागले तोकेको स्थानमा पठाउने जिम्मेवारी जनगणना अधिकारीको हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय जनगणना कार्यालयले फारामहरु गणना क्षेत्र, वडा नम्बर तथा स्थानीय तह अनुसार अलग अलग प्याकिङ गरी जिल्ला जनगणना कार्यालयसम्म पुर्याउनु पर्नेछ ।

(३) आदेशको दफा ३० बमोजिम जनगणना सामग्री सुरक्षा र ढुवानीलाई सहज बनाउन नजिकको सुरक्षा निकायको सहयोग लिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सामग्रीको सुरक्षा र व्यवस्थित ढुवानीको लागि जनगणना समन्वय समितिले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजम तोकिएको स्थानमा गणना सामग्री भण्डारणको लागि विभागले गृह मन्त्रालय मार्फत सुरक्षा निकायलाई सहयोगको लागि अनुरोध गर्नेछ ।

## ५८. केन्द्रीयस्तरमा प्रश्नावली भण्डारण र व्यवस्थापन गर्नेः

(१) विभागले आदेशको दफा २४ को उपदफा (१) बमोजिमको तथ्याङ्क प्रशोधन केन्द्रमा जिल्लाबाट भरिएर आएका प्रश्नावली भण्डारणको व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) बमोजिम प्रश्नावली जिल्ला, स्थानीय तह तथा वडा अनुसार स्पष्ट देखिने गरी अलग अलग र्याकमा भण्डारण गर्नुपर्नेछ ।

## ५९. प्याकिङ्ग, ढुवानी तथा भण्डारण कार्यसमूह गठन गर्नेः

(१) आदेशको दफा १६ बमोजिम विभागले प्रश्नावली फारामहरु स्थानीय स्तरमा ढुवानी गर्ने र स्थलगत कार्यबाट भरिएर आएका फारामहरुको व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको भण्डारण तथा ढुवानी कार्य समूह गठन गर्नेछः-

(क) निर्देशक जनसंख्या शाखा – संयोजक

(ख) तथ्याङ्क अधिकृत, केन्द्रीय तथ्याङ्क विभाग – संयोजक

(ग) तथ्याङ्क सहायक, केन्द्रीय तथ्याङ्क विभाग – सदस्य

(२) उपदफा (१) बमोजिमको कार्यको लागि विभागले कार्य समूहलाई सहयोग गर्न आवश्यकता अनुसार कार्यालय सहायक, लोडर र कार्यालय सहयोगीको व्यवस्था गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्य समूहले जनसंख्या शाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा देहाय बमोजिमको कार्य गर्नेछः-

(क) छपाई भएका वा खरिद गरिएका समानहरु रुजु गरी बुझि लिने,

(ख) प्रदेश तथा जिल्ला जनगणना कार्यालयमा पठाउनु पर्ने गणना सामग्रीको सूची तयार गरी वडा, स्थानीय तह तथा जिल्ला अनुसार प्याकिङ गर्ने,

(ग) प्याकिङ गरिएका गणना सामग्रीहरु प्रदेश तथा जिल्ला जनगणना कार्यालयमा पठाउने,

(घ) गणना कार्य सम्पन्न भएपछि प्रदेश तथा जिल्ला जनगणना कार्यालयबाट प्राप्त प्रश्नावली लगायत अन्य सामग्रीहरु बुझिलिने,

(ङ) प्राप्त प्रश्नावलीहरु जिल्ला, स्थानीय तह तथा वडा अनुसार व्यवस्थित गरी अलग अलग र्‍याकमा मिलाएर राख्ने,

(च) प्रश्नावली फारामहरु आवश्यकता अनुसार तथ्याङ्क प्रशोधन केन्द्रमा प्रविष्टिको लागि पुर्‍याउने र प्रविष्टि भएपछि पुनः व्यवस्थित साथ राख्ने,

(छ) प्रश्नावली व्यवस्थापन लगायत तोकिएका अन्य कार्यको स्पष्ट विवरण राख्ने,

(ज) विभागले तोकेको भण्डारण सम्बन्धी अन्य कार्य गर्ने ।

## परिच्छेद ८

## तथ्याङ्क प्रशोधन तथा सूचना प्रविधि

### ६०. संलग्न कर्मचारीको कर्तव्य र जिम्मेवारीः

(१) राष्ट्रिय जनगणनाको स्थलगत कार्यबाट प्राप्त तथ्याङ्कलाई पारदर्शी ढंगले निश्चित समयसीमा भित्र प्रशोधन तथा विश्लेषणको कार्य सम्पन्न गरी गुणस्तरीय तथ्याङ्क उत्पादन गर्न र ऐन तथा आदेशको भावना विपरित नहुने गरी सूचना प्रविधिको समेत उपयोग गर्नु राष्ट्रिय जनगणना तथ्याङ्क प्रशोधन तथा सूचना प्रविधि व्यवस्थापनको प्रमुख उद्देश्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको उद्देश्य हासिल गर्न तथ्याङ्क प्रशोधन कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरुको कर्तव्य र जिम्मेवारी हुनेछ ।

## ६१. तथ्याङ्क प्रशोधन केन्द्र स्थापना र सञ्चालनः

(१) विभागले आदेशको दफा २४ बमोजिम विभागमा तथ्याङ्क प्रशोधन केन्द्र स्थापना गर्नेछ र सो केन्द्रबाट मात्र प्रशोधनको काम नसक्ने अवस्थामा विभाग बाहिर काठमाडौं उपत्यकाका अन्य स्थानमा तथ्याङ्क प्रशोधन केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको तथ्याङ्क प्रशोधन केन्द्रमा प्रश्नावली फारामको कोडिङ तथा इडिटिङ, तथ्याङ्क प्रविष्टि, नमूना छनोटका आधारमा दोहोरो प्रविष्टि, तथ्याङ्क एकीकरण, तथ्याङ्क शुद्धिकरण तथा सामाञ्जस्यता जाँच गरी अन्तिम डेटावेस तयारीका कार्य गरिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्पूर्ण कार्यको संचालन र व्यवस्थापन जनसंख्या शाखाले गर्नेछ ।

(४) राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क संकलनमा प्रयोग हुने ट्याबलेटमा जनगणनामा प्रयोग हुने प्रोग्रामहरु राखी तालिमको समयमा सम्वन्धित जिल्ला जनगणना कार्यालयमा पठाईनेछ।

(५) विदेश स्थित कुटनीतिक नियोगमा कार्यरत नेपाली कर्मचारीहरुलाई राष्ट्रिय जनगणना २०७८ मा विद्युतिय जनगणना (e-Census) को माध्यमबाट समेट्ने योजना अनुसार वेवबेस (Web-based) सफ्टवेयर निर्माण गरिनेछ ।

## ६२. कागजी प्रश्नावलीको कोडिङ, ईडिटिङ र भेरिफिकेसन व्यवस्थापनका प्रक्रियाः

(१) कागजी प्रश्नावलीबाट संकलित विवरणको कोडिङ, ईडिटिङ र भेरिफिकेसन व्यवस्थापन कार्य देहाय बमोजिम हुनेछः-

(क) कोडिङ तथा ईडिटिङ स्थलको व्यवस्थाः कम्तिमा १०० जना कोडर तथा ईडिटर, ५ जना कोडिङ र इडिटिङ सुपरभाईजर समेत बस्न पुग्ने ठाउँको व्यवस्थापन गरिनेछ । उक्त कार्य २०७८ जेष्ठ महिना भित्र सम्पन्न गरिनेछ ।

(ख) कर्मचारी भर्नाः कोडिङ तथा ईडिटिङ र भेरिफिकेसन गर्ने कर्मचारीको भर्ना २०७८ श्रावण दोस्रो हप्ता भित्र सम्पन्न गरिनेछ।

(ग) कोडिङ, ईडिटिङ र भेरिफिकेसन गर्ने कर्मचारीको अभिमूखीकरणः कोडिङ तथा ईडिटिङ र भेरिफिकेसन गर्ने कर्मचारीहरुको लागि ३ दिने अभिमूखीकरण २०७८ श्रावण तेस्रो हप्ता भित्र सञ्चालन गरिनेछ ।

(घ) कोडिङ, ईडिटिङ र भेरिफिकेसन कार्यको आरम्भः कोडिङ तथा ईडिटिङ र भेरिफिकेसन कार्य २०७८ श्रावण मसान्त भित्र शुरु गरिनेछ ।

(२) प्रश्नावलीका आधारमा कोडिङ, ईडिटिङ र भेरिफिकेसन गर्नु पर्ने मुख्य मुख्य विषयहरु निम्न बमोजिम हुनेछन्:-

(क) जिल्ला, गाउँपालिका/नगरपालिका, गाउँ/बस्ती/टोल, गणना क्षेत्रको कोड तथा विवरणको परीक्षण,

(ख) प्रश्नावलीमा भरिएका विवरणहरु बीचको सामञ्जस्यता परीक्षण,

(ग) मृत्यु भएको जम्मा संख्यामा लेखिएको संख्या र मृत्यु भएका व्यक्तिहरुको विवरणमा उल्लेख गरिएको संख्या मिलेको छ कि छैन जाँच गर्ने,

(घ) विदेशमा रहेका अनुपस्थित संख्यामा लेखिएको संख्या (पुरुष महिला समेत) र विदेश गएको व्यक्तिको विवरणमा लेखिएको संख्या गन्ती गर्दा मिल्छ कि मिल्दैन जाँच गर्ने (पुरुष महिला समेत),

(ङ) विदेश गएका व्यक्तिहरु गएको देशको कोड परीक्षण गर्ने वा कोड दिने,

(च) परिवारमा अक्सर बसोवास गर्ने संख्यामा लेखिएको संख्या (पुरुष र महिला समेत) र व्यक्तिगत विवरणमा लेखिएका व्यक्तिहरुको संख्या गन्ती गर्दा मिल्छ कि मिल्दैन जाँच गर्ने (पुरुष र महिला समेत),

(छ) जन्म मिति र उमेर जाँच गर्ने,

(ज) जन्म भएको वा यस अघि बसोबास गरेको जिल्ला तथा देशको कोड जाँच गर्ने,

(झ) पेशा (Occupation) र काम गर्ने वा व्यावसायको क्षेत्र (Industry) को कोड जाँच गर्ने,

(ञ) परिवारमा शुन्य वर्षको व्यक्ति र १५ देखि ४९ वर्षका विवाहित महिलाले गत १ वर्षमा जन्माएको बच्चा संख्याको सामन्जस्यता जाँच गरी एकिन गर्ने ।

(३) उपदफा (१) बमोजिम कोडर/ईडिटरले कोडिङ, ईडिटिङ र भेरिफिकेसन गरेको कार्य नमूना छनोटको आधारमा कम्तिमा ५ प्रतिशतको संख्यामा सुपरभाइजरले पुनः जाँच गर्नु पर्दछ ।

(४) उपदफा (१) बमोजिम प्रश्नावलीको कोडिङ, ईडिटिङ र भेरिफिकेसन गर्दा एउटा व्यक्तिले आफूलाई तोकिएको स्थानीय तह सम्पन्न नगरी अर्को स्थानीय तहको कार्य गर्नु हुदैन ।

## ६३. कागजी प्रश्नावलीका विवरणको प्रविष्टि व्यवस्थापन प्रक्रियाः

(१) कागजी प्रश्नावलीबाट संकलित विवरणको प्रविष्टि व्यवस्थापन कार्य र प्रक्रिया देहाय बमोजिम हुनेछः-

(अ) लगत प्रविष्टिको पूर्व तयारीका लागि तपसिल बमोजिमका आधारभूत भौतिक पूर्वाधार व्यवस्थापन वि.सं. २०७८ साल जेठ मसान्त भित्र सम्पन्न गरिनेछ ।

(क) सफ्टवेयर निर्माण: राष्ट्रिय जनगणना २०७८ को लागि कागजी प्रश्नावली फारामको प्रविष्टि र ट्यावलेटको प्रयोग गरी विद्यूतीय प्रणाली मार्फत गरिने लगत सङ्कलनको लागि सिएसप्रो (CSPro) सफ्टवेयर प्याकेज प्रयोग गरी विभागले तयार गरेको एप्लिकेशन (Application) प्रयोग गरिनेछ।

(ख) लगत प्रविष्टि गर्ने भवन व्यवस्थापनः राष्ट्रिय जनगणना २०७८ मा देशभर कागजी प्रश्नावलीको माध्यमबाट सङ्कलन भएको प्रश्नावलीको लगत प्रविष्टिको लागि एक शिफ्टमा लगभग १५० देखि २०० जना व्यक्ति (Data entry operator, Quality controller/verifier/supervisor, Store management, data management team समेत) अटाउने भवनको व्यवस्था गरिनेछ ।

(ग) लगत प्रविष्टि कक्षको व्यवस्थाः लगत प्रविष्टि गर्ने भवनको छनोट तथा व्यवस्था भईसकेपछि एक शिफ्टमा १०० देखि १५० व्यक्तिले डाटा इन्ट्रीको काम गर्न मिल्ने लगत प्रशोधन कक्षको निर्माण गरिनेछ।लगत प्रशोधन कक्षमा यान्त्रिक उपकरणको जडान लगायतका देहाय बमोजिमका कार्य गरिनेछः-

1. Server Setup / Local Area Network to 200 - 250 Computers,
2. Database (Apache, MySQL and Php installation and necessary set up for data transmission from client computers),
3. Laptop/Desktop setting for Data Entry Station, Mini Store, Staff management office and office of data management team,
4. Software Installation in all 200 - 250 computers,
5. Installation of Security System (CCTV, Security Guard, Digital Notice Board etc.).

(घ) सहायक गोदाम कक्षको व्यवस्था: लगत प्रविष्टिको लागि मुख्य गोदाम (Warehouse) बाट ल्याइएका प्रश्नावलीहरु र इन्ट्री भईसकेका प्रश्नावलीहरु केही समयको लागि राख्न एउटा सहायक गोदाम कक्षको निर्माण गरिनेछ ।

(ङ) गुणस्तर नियन्त्रक तथा जाँचकी (Quality Controller/Verifier) को कार्यकक्षको व्यवस्था: लगत प्रविष्टिको गुणस्तर जाँचको लागि पाँच जनाको एउटा समूह बनाइनेछ । यो समूहले डाटा इन्ट्री भईसकेपछि डाटा इन्ट्री अपरेटरबाट भएको त्रुटीपूर्ण प्रविष्टि (Mis Keying) पत्ता लगाई त्रुटीपूर्ण प्रविष्टि (Mis Keying) भएका डाटा इन्ट्री अपरेटरहरुलाई सचेत गराई सुधार गर्न लगाउनेछ ।

(च) स्टोर किपर (Store keeper) कार्यकक्षको व्यवस्था: गणना क्षेत्र अनुसारको फारामहरु डाटा इन्ट्री अपरेटरलाई बुझाउने र डाटा इन्ट्री सकिएपछि सर्भरमा डाटा ट्रान्सफर भएको सुनिश्चित गरी फारामहरु फिर्ता लिनको लागि स्टोर किपर कक्षको

व्यवस्था गरिनेछ । यस कक्षमा काम गर्न एउटा सिफ्टमा एक जना स्टोर किपर र एक जना रेकर्ड किपर को व्यवस्था गरिनेछ ।

(छ) सर्भर रुम **(Server room)** को व्यवस्था: डाटा इन्ट्री कक्षमा जडान भएका कम्प्युटरको लोकल एरिया नेटवर्क (Local Area Network) को माध्यमबाट एक आपसमा आवद्ध गरिनेछ । सोको लागि एउटा उच्च क्षमतायुक्त सर्भरको व्यवस्था गरिनेछ र उक्त सर्भर राख्नको लागि एउटा सर्भर कक्षको व्यवस्था गरिनेछ ।

(आ) डाटा प्रविष्टिको लागि आवश्यक देहाय बमोजिमको कर्मचारीको व्यवस्थापन २०७८ असारको तेस्रो हप्तादेखि चरणबद्ध रुपमा भदौ मसान्त भित्र सम्पन्न गरिनेछ ।

(क) डाटा ईन्ट्री अपरेटर **(Data Entry Operator)** को भर्ना: डाटा ईन्ट्रीको प्रति की स्ट्रोकको आधारमा सेवा उपलब्ध गराउने गरी बढीमा ३०० जना कर्मचारी बढीमा ६ महिनाको लागि करारमा लिइनेछ । डाटा ईन्ट्री अपरेटरको लागि न्युनतम योग्यता देहाय बमोजिम हुनेछः-

(१) न्युनतम शैक्षिक योग्यता: डाटा ईन्ट्री अपरेटरको लागि प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको ।

(२) उमेरः दरखास्त दिने अन्तिम दिनमा १८ (अठार) वर्ष पुरा गरेको ।

(३) अनुभवः डाटा ईन्ट्री सम्वन्धी अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ ।

(४) प्रयोगात्मक परीक्षाः प्रयोगात्मक परीक्षामा उत्तिर्ण भएकालाई मात्र योग्यताक्रम अनुसार भर्ना गरिनेछ ।

(५) पेश गर्नु पर्ने आवश्यक कागजात र प्रमाण पत्र

(१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

(२) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र को प्रतिलिपी,

(ख) लगत प्रविष्टि कार्य: लगत प्रविष्टि कार्य निम्न बमोजिम हुनेछ :–

(१) घर तथा घरपरिवार सूचीकरण फारामः वि.सं.२०७८ साल श्रावण १ गते देखि राष्ट्रिय जनगणनाको घरपरिवार सूचिकरण फारामको लगत प्रविष्टिको कार्य गरिनेछ र यो कार्य २ महिना (भाद्र मसान्त) मा सम्पन्न गर्ने लक्ष रहेको छ ।

(२) मुख्य प्रश्नावली: वि.सं. २०७८ साल असोज १ गते देखि राष्ट्रिय जनगणनाको मुख्य प्रश्नावलीको लगत प्रविष्टिको कार्य शुरु गरिनेछ । शुरुको १ हप्ता सिमीत संख्याका डाटा इन्ट्री अपरेटरको प्रयोग गरेर लगत प्रविष्टिको कार्य आरम्भ गरिनेछ । यो समयमा सफ्टवेयर (software), स्टोर व्यवस्थापन (store management), अभिलेखिकरण (record keeping) आदि सबै पक्षमा

सम्वन्धीत कर्मचारीहरुलाई अभ्यस्त गराईने छ र त्यसपछि क्रमशः डाटा इन्ट्री अपरेटरको संख्या बृद्धि गर्दै लगिनेछ । डाटा इन्ट्री कार्य शुरु भएको दोस्रो हप्ता अर्थात असोज १५ गते देखि १ सिफ्टमा बढीमा १५० जना डाटा इन्ट्री अपरेटर प्रयोग गरी २ सिफ्टमा डाटा इन्ट्री गरिनेछ । लगत प्रविष्टिको कार्य शुरु भएको मितिले ६ महिना भित्र अर्थात फागुन मसान्त भित्र सम्पन्न गरिने छ ।

(ग) सामुदायिक प्रश्नावली: सामुदायिक प्रश्नावलीको लगत प्रविष्टिको कार्य पनि यहि संरचनाको प्रयोग गरी श्रावण १ गते देखि नै शुरु गरिनेछ र बढीमा १ महिनाभित्र सम्पन्न गरिनेछ ।

## ६४. संकलित तथ्याङ्क व्यवस्थापन र सूचना प्रविधि व्यवस्था कार्य र प्रक्रियाः

(१) विभागले ट्यावलेटबाट संकलित तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रविधि व्यवस्थाको लागि राष्ट्रिय जनगणना २०७८ मा विद्युतिय जनगणनाको लागि प्रयोग हुने लगभग २५०० थान ट्यावलेट, पावरबैंक तथा अन्य सामान (Accessories) को लागि सुरक्षित कक्ष तथा र्‍याकहरुको व्यवस्था गरिनेछ ।उक्त कार्य वि.सं. २०७७ साल फाल्गुण मसान्त भित्र मिलाइनेछ ।

(२) विभागले दफा ३ को उपदफा (१) बमोजिम ट्यावलेट र ई सेन्ससवाट संकलित तथ्याङ्क इन्टरनेटको माध्यमबाट केन्द्रीय सर्भरमा अपलोड गर्ने व्यवस्था मिलाउनेछ ।

(३) उपदफा (२) बमोजिम संकलित तथ्याङ्क व्यवस्थापनको लागि देहाय बमोजिमको अनलाइन अनुगमन तथा सहजीकरण समूह गठन गरिनेछ ।

(क) कम्प्यूटर अधिकृत, जनसंख्या शाखा – संयोजक

(ख) आइटि/कम्प्यूटर विज्ञ (५ जना) – सदस्य

(४) उपदफा (३) बमोजिमको समूहले निम्न बमोजिम कार्य गर्नेछ ।

(क) ट्यावलेटबाट संकलित विवरणको आधारमा गणक तथा सुपरिवेक्षकको अनलाइन अनुगमन तथा पृष्ठपोषण उपलब्ध गराउने,

(ख) सर्भरमा प्राप्त तथ्याङ्कको आधारमा दैनिक प्रगति विवरण तयार गर्ने,

(ग) जिल्लाबाट दैनिक गणना भएको विवरण प्राप्त गरी हरेक दिन नेपालभर संकलित विवरणको सारांश तयार गर्ने ।

(घ) जनगणना स्थलगत कार्यको अनुगमन तथा सुपरिवेक्षण अनलाईन रिपोर्टिङ्ग प्रणालीलाई व्यवस्थापन गर्ने ।

(५) डाटा ईन्टिग्रेशन (Data Integration): कागजी प्रश्नावलीबाट इन्ट्री भएको गणना क्षेत्र अनुसारको डाटा फाइलहरु, ट्याबलेट विधिबाट लगत सङ्कलन भएका विवरण र विदेशस्थित

कुटनीतिक नियोगका नेपाली कर्मचारीहरुबाट विद्युतिय जनगणना (e-census) को माध्यमबाट भरिएका प्रश्नावलीका विवरण एकत्रित गरी सम्पूर्ण जनगणनाको डाटालाई एउटै ढिक्का बनाइनेछ ।

## ६५. **तथ्याङ्क प्रमाणिकरण** (Data Validation) **तथा सामञ्जस्यता जाँच** (Consistency Check) **कार्य गर्ने :**

(१) दफा ६३ र दफा ६४ बमोजिम तथ्याङ्कको प्रमाणिकरण र सामञ्जस्यता जाँच देहाय बमोजिम गरिनेछ ।

(क) भौगोलिक क्षेत्र अनुसार जनसंख्या जाँचः एउटा जिल्लाको डाटा इन्ट्री कार्य सकिएपछि तथ्याङ्कको प्रमाणिकरण र सामञ्जस्यता जाँच (Data Validation/Consistency Check) को कार्य शुरु गरिनेछ । पहिलो चरणमा प्रत्येक गाउँपालिका/नगरपालिकाको वडा अनुसार जनसंख्या प्राप्त भयो भएन भनेर जाँच गरिनेछ भने दोस्रो चरणमा प्रत्येक वडाको जनसंख्या २०६८ सालको जनगणनाको जनसंख्या र २०७८ को कन्ट्रोल फारम अनुसार तुलना गरी असामान्य देखिएमा पुनः जाँच गरिनेछ ।

(ख) जातजाति तथा मातृभाषा अनुसार जनसंख्या जाँचः सामुदायिक प्रश्नावलीको विवरणको आधारमा प्रत्येक वडामा कुन कुन जातजाति तथा मातृभाषा बोल्ने समुदायको बसोवास रहेको छ, सोको आधारमा जातजाति तथा मातृभाषा बोल्ने समुदायको सूची तयार गरिनेछ र मुख्य गणना अनुसार सो वडामा कुन कुन जातजाति तथा मातृभाषा बोल्ने समुदायको बसोबास रहेको छ सो एकआपसमा भिडाई बेमेल भएका वडाहरुमा के भएको हो सोको लेखाजोखा गरिनेछ ।

(ग) इन्ट्रा-रेकर्ड र इन्टर-रेकर्ड (Intra-record and Inter-record) असंगति जाँचः मुख्य प्रश्नावलीमार्फत संकलित विवरणको एकआपसमा असंगतिहरु देखा परेमा कागजी प्रश्नावलिमा भिडाई वा आवश्यक परेमा सम्बन्धित उत्तरदातालाई सोधी एकिन गरिनेछ।

## ६६. **तथ्याङ्क गुणस्तर जाँच र अनुगमन तथा मूल्यांकनः**

(१) यस कार्यविधी अनुसार तथ्याङ्क प्रशोधन सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन तथा सूपरिवेक्षण तथा मूल्यांकन गर्न देहाय बमोजिमको तथ्याङ्क गुणस्तर तथा प्रशोधन व्यवस्थापन समिति गठन गरिनेछः-

(क) उपमहानिर्देशक, राष्ट्रिय जनगणना कार्यक्रम हेर्ने – संयोजक

(ख) निर्देशक, जनसंख्या शाखा – सदस्य

(ग) कम्प्यूटर अधिकृत, जनसंख्या शाखा – सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) तथ्याङ्क प्रशोधन कार्य सही र दुरुस्त भए नभएको हेर्ने,

(ख) तथ्याङ्क प्रशोधनको क्रममा आइपर्ने समस्याहरुको समाधान गर्ने,

(ग) आदेशको दफा २८ बमोजिमको आचरण र तथ्याङ्क प्रशोधन कार्यमा संलग्न जनशक्तिले दफा ६९ अनुसार पालन गर्नुपर्ने आचरण पालना गर्ने गराउने,

(घ) तथ्याङ्क शुद्धता परिक्षण वा जाँच गरी अन्तिम डाटाबेस तयार गर्ने,

(ङ) तथ्याङ्कको पूर्णता परिक्षण गर्ने,

(च) तथ्याङ्क प्रशोधनका समयमा आईपर्ने अन्य कार्यहरु गर्ने गराउने,

(छ) तथ्याङ्क गुणस्तर मूल्याङ्कनको कार्य गर्ने ।

(३) उपदफा (१) बमोजिमको समितिले विभागको निर्देशकको संयोजकत्वमा तथ्याङ्क कोडिङ, इडिटिङ र प्रविष्टि नियमन उपसमिति गठन गर्न सक्नेछ ।

## ६७. तथ्याङ्क प्रशोधन कार्यमा विज्ञको सहयोग लिनेः

तथ्याङ्क प्रशोधन तथा विश्लेषणको लागि विभागले आवश्यकता अनुसार विषय विज्ञको सल्लाह र सुझाव लिन सक्नेछ । यसका लागि विभागले आवश्यकता अनुसार विषय विज्ञ समूह गठन गर्न सक्नेछ ।

## ६८. तालिकीकरण योजना र तथ्याङ्क सार्वजनिकीकरण गर्नेः

(१) विभागले राष्ट्रिय, प्रदेश, जिल्ला, गाउँपालिका/नगरपालिका र वडास्तरमा उपलब्ध गराउन सकिने नतिजाहरुको तालिकीकरण योजना (Tabulation Plan) को ढाँचा तयार गरी सो अनुसार जनगणनाका नतिजाहरु सार्वजनिक गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागले जनगणना सम्पन्न भएको मितिले ३ महिनाभित्र कन्ट्रोल फारामका आधारमा जनसंख्याको प्रारम्भिक नतिजा प्रकाशन गर्नेछ । प्रश्नावली प्रविष्टि सकिएको मितिले २ महिना भित्र डाटाको गुणस्तर जाँचको कार्य सम्पन्न गरिनेछ र नतिजाहरु क्रमशः प्रकाशन गरिनेछ । अन्तिम नतिजाहरु विभागको वेवसाईड (Website) तथा अन्य माध्यमबाट प्रयोगकर्ता समक्ष ल्याईनेछ ।

(३) राष्ट्रिय जनगणना २०७८ को सम्पूर्ण विश्लेषणको कार्य सकिएपछि विभिन्न प्रयोगकर्ताको लागि व्यक्तिगत पहिचान हटाई सार्वजनिक प्रयोगको सूक्ष्म नमूना डाटा फाईल (Public Use Micro Sample data file-PUMS) तयार गरी उपलब्ध गराइनेछ ।

(४) उपदफा (३) बमोजिमको स्याम्पल डाटावेसबाट आफूले चाहेका नतिजाहरु प्राप्त गर्न प्रयोगकर्ता स्वयंले तथ्याङ्क प्रशोधन गर्न सक्ने किसिमको अनलाईन प्रशोधन प्रणाली (Online Processing System) को निर्माण गरी सबै प्रयोगकर्तालाई पँहुच दिइनेछ ।

## ६९. तथ्याङ्क प्रशोधन कार्यमा संलग्न जनशक्तिको आचरण सम्बन्धी व्यवस्थाः

(१) आदेशको दफा २८ को अतिरिक्त प्रश्नावली फाराम कोडिङ, इडिटिङ तथा डाटा इन्ट्रि कार्यमा संलग्न जनशक्ति तथा अन्य कर्मचारीहरुले देहाय बमोजिमको पेशागत आचरण पालना गर्नु पर्नेछः-

(क) विभागले उपलब्ध गराएको परिचयपत्र अनिवार्यरुपमा लगाउनु पर्ने,

(ख) तथ्याङ्क प्रशोधन कार्यमा अनुशासित भई समयभित्र उपस्थित हुनुपर्ने,

(ग) एक अर्कामा अनावश्यक कुरा नगरी शान्त वातावरणमा कार्य गर्नुपर्ने,

(घ) लागु औषध तथा अन्य मादक पदार्थ सेवन गरी परिसर भित्र प्रवेश गर्न नहुने,

(ङ) संकलित फारामको कोडिङ तथा इडिटिङ र डाटा इन्ट्रि कार्यको दुरुपयोग तथा लापरवाही गर्न गराउन नहुने,

(च) तथ्याङ्क प्रशोधन कार्यस्थलमा होहल्ला, नाराबाजी, अरुलाई भड्काउने लगायतका कार्य गर्न गराउन नहुने,

(छ) टेवल, कुर्सी, कम्प्यूटर तथा मेशिनरी समानहरु लगायत अन्य सरकारी सम्पत्ति तोडफोड वा नष्ट गर्न नहुने,

(ज) बदनियतपूर्ण रुपमा प्रश्नावलीहरु केरमेट गर्न वा सच्याउन वा च्यात्न नहुने,

(झ) तथ्याङ्क प्रशोधन कार्यमा उत्तरदाता वा पारिवारिक विवरणको गोपनीयता भंग हुने कुनै कार्य गर्न गराउन नहुने ।

(२) विभागले उपदफा (१) बमोजिमको आचरण पालन नगर्ने वा कामको जिम्मेवारी पूर्ण रुपमा बहन नगर्ने करारका कर्मचारीको करारनामा तत्काल बदर गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको आचरण पालन नगर्ने कर्मचारीलाई आदेशको दफा २० को उपदफा ४ बमोजिम थप सजाय समेत हुनेछ ।

(४) उपदफा (१) बमोजिमको आचरण पालन नगर्ने सरकारी कर्मचारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारवाही र थप सजाय समेत हुनेछ ।

## परिच्छेद ९

## सरकारी निकाय तथा संघसंस्थासँग सहकार्य

### ७०. स्वसाझेदारी गरिने:

राष्ट्रिय जनगणनालाई महाअभियानको रुपमा सञ्चालन गर्न स्वसाझेदारी अवधारणाका उद्देश्य देहाय बमोजिम हुनेछन्:-

(क) "मेरो गणना, मेरो सहभागिता" भन्ने राष्ट्रिय जनगणनाको मूल नारालाई सार्थक तुल्याउनु,

(ख) राष्ट्रिय जनगणना आम नागरिकको हितको लागि गरिने भएकोले सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, निजी क्षेत्र, गैर सरकारी तथा सामुदायिक क्षेत्र, नागरिक समाज एवं आम व्यक्ति विशेष सबैको स्व:स्फूर्त सहयोग र सहभागिता सुनिश्चित गर्नु,

(ग) सरकारी क्षेत्र बाहेक अन्य क्षेत्रबाट हुन सक्ने सहयोगको आंकलन गर्नु,

(घ) राष्ट्रिय जनगणनाबाट प्राप्त तथ्याङ्क उपर आम नागरिकको विश्वास एवं सशक्त अपनत्व स्थापित गर्नु ।

### ७१. समन्वय र सहकार्य गर्ने:

(१) आदेशको दफा २६ उपदफा (२) बमोजिम विभागले सरकारी तथा अर्धसरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा नीजि संघ संस्थाहरु, सञ्चार माध्यम, बिद्यालय, क्याम्पस लगायतका शैक्षिक संस्थाहरु तथा अन्य सरोकारवालहरुसँग आवश्यकता अनुसार जनगणनाका कार्यक्रम सञ्चालनमा समन्वय र सहकार्यमा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय र सहकार्य गर्दा स्वसाझेदारीको अवधारणा अबलम्वन गरिनेछ ।

(३) विभागले उपदफा (१) बमोजिमका सहकार्यका लागि आवश्यक सामग्री तथा सन्देशहरु उपलब्ध गराउनेछ ।

(४) उपदफा (१) बमोजिम स्वसाझेदारी गरी राष्ट्रिय जनगणनाको महाअभियानमा स्व:स्फूर्त सहयोग गर्नु सबै निकाय तथा संस्थाको कर्तव्य हुनेछ ।

### ७२. सरकारी क्षेत्रसँग गरिने स्वसाझेदारीका कार्यक्षेत्र:

(१) विभागले देहाय बमोजिमको कार्य क्षेत्रमा सार्वजनिक निकायसँग स्वसाझेदारी कायम गरी कार्य गर्नेछ:-

(क) राष्ट्रिय जनगणनामा प्रयोग गरिने प्रश्नावली तथा निर्देशिका तयारी,

(ख) फिल्ड कार्यमा खटिने कर्मचारीहरु तथा अन्य जनशक्ति व्यवस्थापनमा सहयोग,

(ग) राष्ट्रिय जनगणना सञ्चालनको क्रममा आवश्यक पर्ने भवन, उपकरण, फर्निचर, सवारी साधन लगायत स्रोत साधन उपलव्ध गराउने,

(घ) जनशक्तिलाई दक्ष एवं सक्षम बनाउन तालिम व्यवस्थापनमा सहयोग,

(ङ) प्रचार प्रसार, तथ्याङ्क सङ्कलन, प्रविष्टि, व्यवस्थापन तथा बिश्लेषण कार्यमा सहयोग गर्ने,

(च) जनगणना सामग्री उत्पादन, प्रचार प्रसार तथा सञ्चार कार्यमा सहयोग,

(छ) जनगणना कार्यको अनुगमनमा सहयोग,

(ज) अन्य क्षेत्र (सुरक्षा संयन्त्र, बीमा, औषधोपचार इत्यादि) सँग समन्वय र सहयोग,

(झ) आफ्नो संस्था परिसरमा व्यानर राख्ने र आफ्ना कर्मचारीहरु तथा सदस्यहरुमा सचेतना फैलाउने, पर्चा वितरण गर्ने,

(ञ) सरकारको पूर्ण स्वामित्वमा रहेका संस्थान तथा अर्धसरकारी निकायले सार्वजनिक हित अन्तर्गत विद्युत प्राधिकरण, खानेपानी लगायतका संस्थाका बिलहरुमा जनगणनाका सन्देश अंकित गर्ने ।

## ७३. गैरसरकारी क्षेत्रसँग गरिने स्वसाझेदारीका कार्यक्षेत्रः

(१) स्वसाझेदारी कार्यमा गैरसरकारी, सहकारी तथा निजी क्षेत्रले देहाय बमोजिमको कार्य गर्न सक्नेछन्ः-

(क) सबै गैरसरकारी संघसंस्था, सहकारी संस्था तथा निजी क्षेत्र (उद्योग प्रतिष्ठान, व्यापारिक प्रतिष्ठान, शैक्षिक संस्था, वित्तीय संस्था, होटल तथा लज, यातायात व्यवसायी संस्था आदि) ले स्वःस्फूर्त रुपमा आफ्नो संस्थाको परिसरमा जनगणनाको व्यानर राख्ने र आफ्ना कर्मचारीहरु तथा सदस्यहरुलाई सहभागिताका लागि उत्प्रेरित गर्ने,

(ख) बस, ट्याक्सी, टेम्पो, रिक्शा लगायतका यातायातका साधनहरुमा राष्ट्रिय जनगणनाको लोगो सहित व्यानर, फ्लेक्स व्यानर, स्टिकर आदि प्रदर्शन गर्ने । बस तथा हवाई टिकटहरुमा जनगणनाको लोगो र नारा सहितको सूचना समावेश गर्ने,

(ग) मनोरञ्जनस्थल, प्रदर्शनी स्थल, सिनेमा हल, स्वीमिङ्ग पुल, क्लव आदिमा जनगणनाको सूचना प्रसार गर्ने,

(घ) शैक्षिक संस्थाहरुले जनगणनासँग सम्वन्धित निबन्ध, कविता, बादविवाद, नाटक आदि प्रतियोगिता सञ्चालन गर्ने, प्रभात फेरी सञ्चालन गर्ने, तालिम तथा गोष्ठी र अन्य कार्यका लागि हल तथा कक्षा कोठा उपलव्ध गराउने,

(ङ) पत्रपत्रिकामा जनगणनाको सामग्री प्रचार प्रसार, सूचना, प्रेस विज्ञप्ति, बिज्ञापन तथा नतिजा प्रकाशन गर्ने,

(च) रेडियो, टेलिभिजनमा प्रचार प्रसार, बिज्ञापन, छलफल, बादविवाद, मनोरञ्जनात्मक कार्यक्रम, क्याप्सन, ब्रेकिङ न्यूज, फुटेज आदिमार्फत जनगणनाका सन्देश वा सूचना प्रवाह गर्ने, मुख्य समाचार शुरु हुनुभन्दा अगाडी जनगणनाको समय, रिमाइन्डर वा काउण्टडाउन समय आदि सन्देश दिने,

(छ) दूरसञ्चार सेवा प्रदायक संस्थाले विशेषरुपमा एसएमएस, जनगणना सम्वन्धी कल टोन (CRBT) आदि प्रसारण गर्ने,

(ज) दूरसञ्चार तथा इन्टरनेट सेवा प्रदायक संस्थाले जनगणनामा काम गर्ने कर्मचारी तथा अनलाईन यूजरहरुलाई फ्रि वाईफाई सुविधाका साथै नि:शुल्क वा सुलभ सीमकार्ड, डाटा प्याक उपलव्ध गराउने,

(झ) इन्टरनेट सेवा प्रदायक संस्थाले सरकारी तथा गैर सरकारी वेभसाईटहरुको ओपनिंग वेवपेजलाई जनगणनाको वेभपेजसँग लिंक गराउने,

(ञ) बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाहरुले प्रयोग गर्ने भौचर, फाराम तथा एटिएम बाट पैसा झिक्दाको स्लिपमा जनगणना प्रचार प्रसार सामग्री अंकित गर्ने,

(ट) उद्योग, व्यवसायीहरुले उत्पादन गर्ने सामग्रीहरुका प्याकेजिङ्ग (प्लाष्टिक व्याग, पोलिमर व्याग, फूड प्याकेजिङ्ग बक्समा) मा जनगणनाका सन्देश अंकित गर्ने,

(ठ) संस्थागत क्षमता अनुसार सामाजिक उत्तरदायित्व अन्तर्गत प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण र संरक्षण गर्ने ।

## ७४. अन्य व्यक्ति तथा संस्थासँगको सहकार्यः

(१) स्वसाझेदारी कार्यमा व्यक्ति तथा नागरिक समाजले देहाय बमोजिमको कार्य गर्न सक्नेछन्ः-

(क) व्यक्तिहरु बीच प्रत्यक्ष सम्पर्क र लक्षित समूहहरू बीच सामाजिक सञ्जालमा नेटवर्किङ्ग स्थापित गरी जनगणनाको प्रचार सामग्री आदानप्रदान तथा जानकारी लिनेदिने,

ख) राजनीतिज्ञ, सामाजिक परिचालक, आमा समूह, उपभोक्ता समूह, कृषक समूह, स्वास्थ्य स्वयंसेविका, सञ्चारकर्मी, कलाकार आदि मार्फत नियमित सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) प्रत्येक घरपरिवार तथा व्यक्तिको सक्रियता मार्फत जनगणनामा विश्वसनीयता र आम सहभागिता अभिबृद्धि गर्ने,

(घ) तथ्याङ्क सङ्कलनमा कुनै टोल, वस्ती, परिवार व्यक्ति छुटेमा गणकलाई तत्काल खवर गर्ने, पुनः समावेश गर्न सूचना दिने र गणकहरुलाई उत्तरदाताको घर, ठेगाना

पहिचानमा सघाउने तथा गणनामा सहभागिताका लागि सचेतना लगायत कार्यमा सहयोग गर्ने,

(ङ) प्रचार प्रसार सामग्री वितरण गर्ने र गणना सामग्रीको सुरक्षामा सहयोग गर्ने ।

(२) उपदफा (१) वमोजिमका कार्य गर्न राष्ट्रिय जनगणनाको महाअभियानमा खटिएका कर्मचारीहरुले आवश्यक सहयोग र सहजीकरणका लागि स्थानीय संघ संस्था, समूह, समिति, यूवा क्लब, बाल क्लव, जन प्रतिनिधि, स्कूलका शिक्षक शिक्षिका, समाजसेवी, नागरिक समाज र व्यक्ति आदिसँग आवश्यक सहकार्य गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम राष्ट्रिय अभियानमा स्वःस्फूर्त सहयोग गर्नु आम नागरिकको कर्तव्य हुनेछ ।

## परिच्छेद १०

## वडास्तरीय सहजीकरण व्यवस्थापन

**७५. उद्देश्यः**

जनगणनामा सबै नागरिकको सहभागिता गराई पूर्ण गणनाको प्रत्याभूत गर्न तथा राष्ट्रिय जनगणनाको स्थलगत कार्यलाई पारदर्शी ढंगले निश्चित समयसीमा भित्र सम्पन्न गरी गुणस्तरीय तथ्याङ्क उत्पादनमा सहयोग गर्नु वडास्तरीय जनगणना सहजीकरण व्यवस्थापनको प्रमुख उद्देश्य हुनेछ ।

**७६. वडास्तरीय राष्ट्रिय जनगणना सहजीकरण समिति गठनः**

(१) विभागले मापदण्डको दफा ३ को उपदफा (५) बमोजिम सबै स्थानीय तहले देहाय बमोजिम पाँच सदस्य वडास्तरीय राष्ट्रिय जनगणना सहजीकरण समिति गर्नु पर्नेछः-

(क) संयोजक, सम्बन्धित वडाको वडा अध्यक्ष -१

(ख) सदस्य, वडा कार्यालयले तोकेको वडास्थित विद्यालयको प्रधानाध्यापक -१

(ग) सदस्य, सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको वडा सदस्य- १

(घ) सदस्य, सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको महिला वडा सदस्य- १

(ङ) सदस्य सचिव, सम्बन्धित वडाको वडा सचिव -१

(२) उपदफा (१) बमोजिमको समितिमा वडाले स्थानीय जनगणना कार्यालयका प्रतिनिधि तथा आवश्यक नागरिक समाजका अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम बैठक सञ्चालनका लागि स्थानीय तहले सामान्य कार्यविधि आफैं बनाउन सक्नेछन् ।

(४) उपदफा (१) बमोजिम सबै स्थानीय तहले मातहतका वडा कार्यालयलाई सहजीकरण समिति गठनको लागि सहयोग गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम गठन भएको समितिको सदस्यको नाम र फोन नम्वर सहितको जानकारी स्थानिय जनगणना कार्यालयले विभागलाई अनलाईन मार्फत उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको समिति गठन तथा व्यवस्थापनको लागि स्थानीय तह वडा कार्यालयलाई आवश्यक सहयोग र थप निर्देशन जारी गर्नसक्नेछ ।

७७. **सहजीकरण समितिको काम, कर्तव्य र अधिकार :**

(१) दफा ७६ को उपदफा (१) बमोजिम सहजीकरण समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

(क) गणना कार्यमा खटिने गणक तथा सुपरिवेक्षकलाई आवश्यक सहयोग गर्ने,

(ख) वडाका सबै घरपरिवार तथा व्यक्तिलाई गणना कार्यमा भाग लिन उत्प्रेरित गर्ने,

(ग) स्थानीय जनगणना कार्यालय वा जिल्ला जनगणना कार्यालयको समन्वयमा सहजीकरण गर्ने,

(घ) सुपरिवेक्षकलाई सामुदायिक प्रश्नावली भर्नको लागि आबश्यक सहयोग गर्ने,

(ङ) सबै नागरिकको सहभागिता गराउन र पूर्ण गणनाको प्रत्याभूत गर्ने गराउने।

(२) सहजीकरण समितिले देहाय बमोजिमको अन्य कार्यहरुमा सहयोग गर्नुपर्नेछः-

(अ) गणना पूर्वका कार्यहरुः-

(क) वडाहरुलाई गणनामा अपनत्व बोध गराउनु,

(ख) जनगणनाको समग्र प्रक्रियाको बारेमा जानकारी गराई स्थानीय तहको पूर्ण सहभागिता अभिवृद्धि गर्ने,

(ग) वडास्तरमा जनगणना सम्बन्धी सचेतना तथा प्रचार प्रसारको प्रवर्द्धन गर्ने,

(घ) वडाभित्र आवश्यक पर्ने सुपरिवेक्षक तथा गणकको लागि आवेदन दिन प्रोत्साहन गर्ने गरी प्रचार प्रसार गर्ने,

(ङ) जनगणनामा कोही नछुटुन्, कोही नदोहोरिउन् भन्ने सिद्धान्तलाई अवलम्बन गर्दै वडा क्षेत्रभित्र पूर्ण गणना (Complete Count) सुनिश्चित गर्ने,

(च) जनगणनालाई निष्पक्ष, भयरहित र यथार्थपरक बनाउन जिम्मेवारी लिने,

(छ) विद्यालय जनगणना शिक्षा तथा सचेतना कार्यक्रमको अनुगमन गर्ने ।

(आ) गणनाको अवधिका कार्यहरुः-

(क) घर तथा घरपरिवार सूचीकरण कार्यमा सुपरिवेक्षकलाई आवश्यक सहजीकरण तथा सहयोग गर्ने,

(ख) जनगणना नक्सांकनको अस्पष्टतालाई स्पष्ट गरी सुपरिवेक्षकलाई आफ्नो गणना क्षेत्र पहिचानमा आवश्यक सहयोग गर्ने,

(ग) सुपरिवेक्षक तथा गणकले जनगणनाको कार्य गर्न आउँदै गरेको सूचना तथा जानकारी प्रत्येक घरपरिवारसम्म पुर्याउन सहयोग गर्ने,

(घ) सूचीकरण तथा मुख्य गणनाको कार्यमा आईपर्ने समस्याको समाधानमा सहयोग गर्ने,

(ङ) गणनामा घरपरिवार छुटे नछुटेको यकिन गर्न सहयोग गर्ने,

(च) विवरण सङ्कलन गर्न कठीन भएका घरपरिवारबाट विवरण सङ्कलन गर्न सहजीकरण गर्ने,

(छ) सूचीकरण तथा मुख्य गणना कार्यको अनुगमन तथा निरीक्षण गर्ने,

(ज) गणना कार्यमा आईपर्ने अन्य बाधा व्यवधान तथा समस्या समाधानको लागि पहल गर्ने ।

(इ) गणना पश्चातका कार्यहरुः

(क) तथ्याङ्क सङ्कलनमा कोही छुटे नछुटेको यकिन गर्ने

(ख) संकलित तथ्याङ्क सुरक्षित किसिमले सम्बन्धित जनगणना कार्यालय तथा माथिल्लो निकायमा पुर्याउन सहयोग गर्ने ।

## ७८. सहजीकरण समितिको आचारसंहिताः

(१) सहजीकरण समितिले जनगणना कार्यको सहजीकरण गर्ने सिलसिलामा देहाय बमोजिमको कार्य गर्नु गराउनु हुदैनः-

(क) जनगणनामा आवश्यक पर्ने कर्मचारी नियुक्तिमा अवाञ्छित हस्तक्षेप गर्न नहुने,

(ख) राष्ट्रिय जनगणना २०७८ को उद्देश्य विपरीत हुनेगरी जनगणनाको प्रचार प्रसारमा कुनै पक्ष लिई कुनै कार्य गर्न गराउन नहुने,

(ग) सुपरिवेक्षक तथा गणकले विवरण सङ्कलन गरिरहेको अवस्था वा अन्य अवस्थामा भरिएका विवरण हेर्न नहुने,

(घ) उत्तरदातालाई कुनै गलत विवरण भर्नको लागि दवाव दिन नहुने,

(ङ) सुपरिवेक्षक तथा गणकलाई अनावश्यक दबाब दिने तथा हस्तक्षेप गर्न नहुने,

(च) भरिएका फारामको प्रतिलिपि बनाउन वा सार्न नहुने,

(छ) भरिएका विवरणहरु सच्याउन दवाव दिन नहुने ।

### ७९. बैठक तथा अन्य खर्चः

मापदण्डको दफा ३ को उपदफा (५) अनुसार समितिमा रहने पदाधिकारीहरुको लागि न्यूनतम सेवा सुविधा स्थानीय तहले आवश्यक व्यवस्था गर्न सक्नेछ।

### ८०. मुख्य कर्तव्य हुनेः

जनगणनाको समयमा हुने घर तथा घरपरिवार सूचीकरण र मुख्य गणनाको स्थलगत कार्य, प्रचार प्रसार र अनुगमन तथा निरीक्षण कार्यमा सहजीकरण गर्ने जनप्रतिनिधीमूलक आधिकारिक संयन्त्रको रुपमा जिम्मेवारी वहन गर्नु सहजीकरण समितिको प्रमुख कर्तव्य हुनेछ ।

## परिच्छेद ११

## जनगणनाका नतिजा प्रकाशन तथा वितरण

### ८१. प्रारम्भिक नतिजा प्रकाशन तयारी प्रक्रियाः

(१) आदेशको दफा २७ को उपदफा (१) बमोजिम विभागले राष्ट्रिय जनगणनाको स्थलगत कार्य समाप्त भएको तीन महिनाभित्र अनुसूची ७ बमोजिमको कन्ट्रोल फारामको आधारमा प्रारम्भिक नतिजा सार्वजनिक गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थलगत कार्यमा खटिने सुपरिवेक्षकले प्रत्येक गणकले प्रत्येक घरपरिवारबाट सङ्कलन गरेको मुख्य प्रश्नावलीको विवरणका आधारमा कन्ट्रोल फाराम भर्नुपर्नेछ ।

(३) स्थानीय जनगणना अधिकारीले उपदफा (२) बमोजिम सुपरिवेक्षकबाट प्राप्त कन्ट्रोल फारामको विवरण रुजु गर्ने व्यवस्था मिलाई कन्ट्रोल फाराम प्रमाणित गरेर जिल्ला जनगणना कार्यालयमा पठाउनु पर्नेछ ।

(४) प्रदेश तथा जिल्ला जनगणना कार्यालयले उपदफा (३) बमोजिम कन्ट्रोल फाराम बुझ्दा सुपरिवेक्षकबाट स्थानीय जनगणना कार्यालयमा पेश गरिएका कार्यसम्पन्न प्रतिवेदन पनि साथै बुझ्नुपर्नेछ ।

(५) विभागले उपदफा (४) बमोजिमको कन्ट्रोल फारामबाट प्राप्त विवरणका आधारमा नेपालको कुल जनसंख्या, महिला तथा पुरुषको जम्मा संख्या, कुल घर संख्या, कुल घरपरिवार संख्याको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसार प्रारम्भिक नतिजा प्रकाशन गर्नेछ।

(६) विभागले जनगणनाका प्रारम्भिक नतिजा पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्नेछ ।

(७) प्रारम्भिक नतिजामा प्रकाशित विवरणहरु जनगणनाबाट प्राप्त अन्तिम नतिजा प्रकाशित नहुँदासम्म मात्र प्रयोगमा रहनेछन् ।

## ८२. अन्तिम नतिजा प्रकाशन प्रक्रियाः

(१) विभागले आदेशको दफा २७ को उपदफा (१) बमोजिमको प्रारम्भिक नतिजा सार्वजनिक भएको मितिले ९ महिनाभित्र अन्तिम नतिजा प्रकाशन गर्नेछ ।

(२) विभागले उपदफा (१) बमोजिमको नतिजा प्रकाशन गर्न ६ महिना भित्र तथ्याङ्क प्रशोधन कार्य सम्पन्न गर्नेछ।

(३) विभागले उपदफा (१) बमोजिमको अन्तिम नतिजा राष्ट्रिय, प्रादेशिक तथा जिल्लागत र स्थानीय तह अनुसार तथ्यांकीय प्रतिवेदनको रुपमा प्रकाशन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदनहरु आवश्यकता अनुसार पुस्तकका रुपमा र डिजिटल कपी प्रकाशन गर्नेछ ।

(५) विभागले प्रयोगकर्ताको माग सम्बोधन गर्न आवश्यकता अनुसार लिफ्लेट, पोष्टर, हाते पुस्तिका, फ्याक्टसिट, पुस्तक, नक्सा, वेबमा आधारित प्लेटफर्म र इन्फोग्राफिक्स समेतका प्रकाशनका विधि अपनाउनेछ ।

(६) विभागले अन्तिम नतिजा प्रकाशनको लागि स्वसाझेदारी पद्धतिसमेत अपनाउन सक्नेछ ।

## ८३. विषयगत तथा क्षेत्रगत प्रतिवेदन तयार गर्नेः

(१) विभागले विज्ञहरुको सहयोगमा आदेशको दफा २५ को उपदफा (२) बमोजिम देहायका विषयहरुमा नीतिगत सुझाव सहितको विषयगत प्रतिवेदन प्रकाशन गर्नेछः-

(क) जनसांख्यिक संरचना
(ख) घरको अवस्था र घरपरिवारले उपयोग गर्ने सुविधा
(ग) लैंगिक
(घ) जेष्ठ नागरिक
(ङ) बालबालिका तथा युवा
(च) शिक्षा
(छ) श्रमशक्ति तथा आर्थिक क्रियाकलाप

(ज) बसाइँसराइ र शहरीकरण

(झ) मातृ मृत्यु

(ञ) जन्म तथा मृत्यु

(ट) विवाह र प्रजनन

(ठ) अपाङ्गता

(ड) जातजाति

(ढ) भाषा

(ण) धर्म

(त) जनसंख्या प्रक्षेपण

(२) विभागले उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्न विश्वविद्यालयका प्राध्यापक, विषय विज्ञ, भूतपूर्व कर्मचारी तथा अन्य सम्वन्धित क्षेत्रका विज्ञ सहितको कार्य दल बनाउनेछ ।

(३) विभागले उपदफा (२) बमोजिमको कार्यदललाई आवश्यकता अनुसार छलफल तथा अन्तरक्रिया गर्न व्यवस्था मिलाउनेछ ।

(४) विभागले उपदफा (१) बमोजिमको प्रतिवेदन तयार गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थासँग स्वसाझेदारी गर्न सक्नेछ।

(५) विभागले उपदफा (१) बमोजिमका प्रतिवेदन वि.सं. २०८० आषाढ मसान्तभित्र प्रकाशन गर्नेछ ।

(६) विभागले उपदफा (१) बमोजिमका प्रतिवेदन बाहेक घर तथा घरपरिवार सूचीकरण र सामुदायिक विवरणबाट आवश्यकता अनुसार अन्य विषयगत प्रतिवेदन प्रकाशन गर्न सक्नेछ ।

**८४. सूक्ष्म तथ्याङ्क प्रकाशन गर्ने:**

(१) आदेशको दफा २७ को उपदफा (३) बमोजिम विभागले सार्वजनिक प्रयोगको लागि सुक्ष्म नमूना तथ्याङ्क (माइक्रो स्याम्पल डाटा) फाइलहरू तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागले व्यक्तिको गोपनियतालाई ध्यानमा राखी माइक्रो स्याम्पल डाटाको प्रयोग गर्न वेववेस एप्लिकेसन (जस्तैः रेडाटम, पम्स) तयार गरी सहज उपलब्ध गराउनेछ ।

**८५. तथ्याङ्क प्रशोधनमा सहयोग गर्ने:**

विभागले दफा ८२ बमोजिमको प्रतिवेदन तयार गर्दा विज्ञ कार्यदललाई तथ्याङ्क प्रशोधन गरी आवश्यक तालिकाहरु उपलब्ध गराउनेछ ।

## ८६. कार्यसमूह गठन गर्ने:

(१) आदेशको दफा १६ बमोजिम विभागले जनगणनाका तथ्याङ्क प्रकाशन तथा वितरणको लागि देहाय बमोजिमको कार्यसमूह गठन गर्नेछः-

(क) निर्देशक, प्रकाशन तथा वितरण शाखा- संयोजक
(ख) तथ्याङ्क अधिकृत, जनसंख्या शाखा- सदस्य
(ग) तथ्याङ्क अधिकृत, प्रकाशन तथा वितरण शाखा- सदस्य

(२) उपदफा (१) बमोजिमको कार्यसमूहले जनसंख्या शाखाको समन्वयमा देहाय बमोजिमका कार्य गर्नेछः-

(क) प्रकाशनको लागि सरोकारवालाहरुको माग सङ्कलन गर्ने,
(ख) प्रकाशन गर्नुपर्ने विषयका आधारमा प्रकाशनको विधि सिफारिस गर्ने,
(ग) प्रकाशन तथा वितरण योजना तयार गर्ने,
(घ) प्रकाशन गरेका प्रतिवेदनहरु वितरणको लागि सूची तयार गरी आवश्यक संख्या एकिन गर्ने,
(ङ) विभागले निर्देशन गरेका अन्य कार्य गर्ने

## ८७. तथ्याङ्कीय तथा विषयगत प्रतिवेदन वितरणः

विभागले तथ्याङ्कीय तथा विषयगत प्रतिवेदनहरु संघ, प्रदेश, जिल्ला र स्थानीय तहलाई प्राथमिकता क्रम अनुसार वितरण गर्नेछ ।

# परिच्छेद १२
# विविध

## ८८. जनगणना जाँच सर्वेक्षणः

(१) राष्ट्रिय जनगणना २०७८ को भौगोलिक भ्रमांश (Coverage Error) र विवरणगत भ्रमांश (Content Error) को दर पत्ता लगाउनको लागि जनगणना सम्पन्न भएको मितिले ३ महिनाभित्र जनगणना जाँच सर्वेक्षण (Post Enumeration Survey) सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षणको लागि “जनगणना जाँच सर्वेक्षण प्रश्नावली” निर्माण गरिनेछ ।

(३) जनगणना जाँच सर्वेक्षणको लागि नमुना छनोट विज्ञ (Sampling expert) को सल्लाह बमोजिम हिमाल, पहाड र तराई तथा सात प्रदेश एवं नगर र ग्रामिण क्षेत्रको प्रतिनिधित्व हुने गरी नमुना ढाँचा (Sampling Design) गरी नमुना आकार (Sample Size) निर्धारण गरिनेछ ।

(४) जनगणना जाँच सर्वेक्षण १५ दिन अवधिको गरी सर्वेक्षण सम्पन्न भएको मितिले ३ महिना भित्र विश्लेषण कार्य सम्पन्न गरिनेछ ।

## ८९. सोधपुछ तथा स्थलगत सहायता कक्ष व्यवस्थाः

(१) विभागले आम सरोकारवालाहरुको जिज्ञासा र गुनासोहरु सम्बोधनका लागि एउटा छुट्टै सोधपुछ तथा स्थलगत सहायता कक्ष (Help Desk) व्यवस्था गर्नेछ ।

(२) विभागले आदेशको दफा १६ बमोजिम जनसंख्या शाखाको समन्वयमा कार्य गर्ने गरी देहाय बमोजिमको सोधपुछ तथा स्थलगत सहायता कार्य समूह गठन गर्नेछः-

- (क) निर्देशक, विभाग– संयोजक
- (ख) तथ्याङ्क अधिकृत, जनसंख्या शाखा– सदस्य
- (ग) तथ्याङ्क अधिकृत, तालिम शाखा– सदस्य

(३) उपदफा (२) बमोजिमको समूहले निम्न बमोजिम कार्य गर्नेछः-

- (क) जनगणनाको बारेमा नागरिकले राखेको जिज्ञासा तथा गुनासोलाई व्यवस्थापन गर्ने र सोको कम्प्यूटर प्रणालीमा व्यवस्थित गर्ने,
- (ख) सरोकारवाला निकाय, समूह वा व्यक्तिलाई आवश्यकता अनुसार सूचना उपलब्ध गराउने,
- (ग) स्थलगत कार्यमा खटिएका गणक तथा सुपरिवेक्षकलाई कामको सिलसिलामा आएका समस्याको समाधान गर्ने र सोको कम्प्यूटर प्रणालीमा व्यवस्थापन गर्ने,
- (घ) जनगणना सम्बन्धी वेवसाइट तथा सामाजिक सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
- (ङ) सोधपुछ कक्षबाट सम्पादित सम्पूर्ण कार्यहरुको दैनिक प्रतिवेदन जनसंख्या शाखामा पेश गर्ने ।

## ९०. जनगणनामा व्यक्ति तथा संस्थाले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्थाः

(१) राष्ट्रिय जनगणनाको महाअभियान सफलता पूर्वक सम्पन्न गर्न सबै व्यक्ति तथा संघसंस्थाहरुले देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछः-

- (क) उत्तरदाताहरुको आधारभूत व्यक्तिगत विवरण तोडमोड गर्ने गरी प्रभाव, दवाव, लोभलालचमा पार्ने किसिमले सञ्चारका माध्यम, सभा, सम्मेलन लगायतका प्रचारप्रसार तथा अन्य गलत गतिबिधि वा अभियान गर्न गराउन नहुने,

(ख) जनगणनाका आधिकारीक सन्देश बाहेकका कुनै पनि किसिमका दुस्प्रचार गर्न गराउन नहुने

(ग) गणक तथा सुपरीवेक्षकसँग साथसाथै लागि विवरण लिइ रहेको बखतमा अनावश्यक हस्तक्षेप गर्न नहुने,

(घ) गणक तथा सुपरीवेक्षकले भरेको विवरण हेर्न, कुनै पनि माध्यमबाट प्रतिलिपि बनाउन, रेकर्ड गर्न वा सामाजिक सञ्जालमा राख्न र राख्न लगाउन नहुने,

(ङ) गलत तथ्याङ्क वा विवरण दिन वा दिन लगाउन नहुने,

(च) तथ्याङ्क संकलन कार्यमा बाधा व्यवधान गर्न गराउन नहुने,

(छ) गणक तथा सुपरीवेक्षकलाई शिष्टता पूर्वक सम्मानजनक व्यवहार गर्ने गराउने,

(ज) गणनामा आफू पनि सहभागी हुने र अरुलाई पनि सहभागी हुन प्रेरित गर्ने तथा गाउँटोलमा कोही छुटेको थाहा भएमा गणनामा संलग्न हुन सुचित गर्ने गराउने ।

(२) उपदफा (१) बमोजिमको आचरण पालना नगर्ने व्यक्ति वा संस्थालाई तथ्याङ्क ऐन तथा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

## ९१. बिमा तथा क्षतिपूर्ती उपलब्ध गराउने प्रक्रियाः

(१) विभागले मापदण्डको दफा १५ मा व्यवस्था भए अनुसार देहाय बमोजिमको बिमा तथा क्षतिपूर्ती उपलब्ध गराउने व्यवस्था मिलाउने छः-

(क) जनगणना कार्यमा खटिने कर्मचारीहरुको लागि नियमानुसार रु. ५ लाख सम्मको चोटपटक तथा दुर्घटना बिमा गर्ने,

(ख) जनगणना कार्यमा खटिने कर्मचारीहरु घाइते भएमा उपचारको लागि नागरिक राहत क्षतिपूर्ती तथा आर्थिक कार्यविधि, २०६८ (संशोधित) अनुसार बढीमा ५० हजारसम्म उपचार खर्च उपलब्ध गराउने,

(२) उपदफा १ (क) अनुसार बिमा रकम उपलब्ध गराउन विभागले बिमा कम्पनीसँग आवश्यक सम्झौता गर्नेछ । बिमा रकम उपलब्ध गराउने प्रक्रिया बिमा कम्पनीको नियमानुसार हुनेछ ।

## ९२. सुरक्षा व्यवस्थाः

(१) आदेशको दफा ३० बमोजिम विभागले राष्ट्रिय जनगणना कार्य गणना सामग्री तथा भरिएको प्रश्नावलीको सुरक्षाको पूर्ण व्यवस्था मिलाउनेछ । यसका लागि विभागले सङ्घ र प्रदेश सरकारका सम्बन्धित निकायसँग नियमित सम्पर्क र समन्वय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुरक्षा तथा संलग्न जनशक्तिको सुरक्षाको लागि जनगणना कार्यालयले स्थानीय प्रशासन तथा सुरक्षा निकायको आवश्यक सहयोग लिन सक्ने छन् ।

## ९३. सरकारी भवनको प्रयोग गर्नु पर्नेः

(१) जनगणना कार्यालयले सरकारी कार्यालयसँग समन्वय गरी जनगणना कार्यालय, तालिम स्थल, भण्डारणका लागि भवन उपलब्ध गराईदिन अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सरकारी भवन प्रयोगको लागि स्थानीय तह र स्थानीय प्रशासनको सहयोगमा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यका लागि सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय शिक्षा तथा प्रविधि मन्त्रलाय प्रदेश, जिल्ला तथा स्थानीय जनगणना समन्वय समितिले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सरकारी भवन उपलब्ध हुन नसकेमा जनगणना कार्यालयले मापदण्डको दफा २२ अनुसार उपयुक्त घर भाडामा जनगणना कार्यालय व्यवस्थापन गर्नु पर्नेछ ।

## ९४. मापदण्ड अनुसार हुनेः

यस निर्देशिकमा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक व्यवस्थापनको सन्दर्भमा स्वीकृत बार्षिक बजेट र मापदण्ड तथा प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ ।

## ९५. अधिकार प्रत्यायोजन गर्नेः

महानिर्देशकले कार्यसम्पादनका लागि आफू मातहतका अधिकृत कर्मचारी वा जनगणना अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

## ९६. कारवाही हुनेः

स्थलगत कार्यबाट संकलित फाराम अपूर्ण भए वा प्रश्नावली फाराममा जाँचकीले कुनै लापरवाही गरेमा वा आफ्नो जिम्मेवारी पूरा नगरेमा सम्बन्धित कर्मचारीलाई तथ्याङ्क ऐन तथा प्रचलित नियम कानुन अनुसार कारवाही हुनेछ ।

## ९७. बाधा अडकाउ फुकाउनेः

महानिर्देशकले यस निर्देशिका कार्यान्वयनमा कुनै बाधा वा समस्या परेमा त्यस्तो बाधा वा समस्या समाधानको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

# अनुसूची– १

(दफा ६ को उपदफा (३) सँग सम्वन्धित अनुगमन फाराम)

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

## केन्द्रीय तथ्याङ्क विभाग

राष्ट्रिय जनगणना, २०७८

अनुगमन फाराम

१. **अनुगमन गरेको:**

जिल्लाः- ........................ गा.पा./न.पा.:- .................. वडा नं. :-........ गणना क्षेत्र :- ....................

२. भेट गरिएको सुपरिवेक्षक/गणकको नामः- ............................ सम्पर्क नं. :- ........................

| | | | |
|---|---|---|---|
| गा.पा./न.पा. को नाम | | | |
| वडा नं. | | | |
| गणना क्षेत्र | | | |
| भेट गरेको परिवार संख्या | | | |
| भेट गरेको सुपरिवेक्षकगणक/को नाम | | | |

२. अनुगमनकर्ताले स्थलगत अनुगमनका क्रममा देखिएका विषयबस्तु

क. परिवार बसोबास गरेको घरमा मार्करले जनगणना घर तथा घरपरिवार क्र.सं. लेखेको नलेखेको

१) लेखेको २) नलेखेको ३) आंशिक रुपमा लेखेको

ख. घरपरिवारलाई जनगणनाको वारेमा गणना पूर्व जानकारी भए नभएको

१) जानकारी भएको २) जानकारी नभएको ३) आंशिक घर परिवारमा जानकारी भएको

ग. अनुगमन गरिएका क्षेत्रमा जनगणना सम्बन्धी स्थानीय रुपमा प्रचार प्रसार भए नभएको

१) भएको २) नभएको

घ. गणना गरिसकिएको गाउँ/टोल/बस्तीमा कुनै घर परिवार गणना गर्न छुट भए नभएको

१) नभएको २) भएको (छुट भएको घर परिवारको गाउँ/टोल/बस्ती खुलाउने................

ङ. जनगणनाको स्थलगत गणना कार्य प्रति उत्तरदाताहरुको कुनै गुनासो भए नभएको

१) भएको २) नभएको

च. जनगणनाको स्थलगत कार्यमा बाधा व्यवधान भए नभएको

१) भएको २) नभएको

३. अनुगमनका क्रममा देखिएका अन्य समस्याहरुः–

..........................................................................................................

४. अनुमगनकर्ताको सुझावहरुः

.......................................................................................................

अनुगमनकर्ताको नाम :– ........................ पदः– ....................... कार्यालयः– ................................

सही :– .................. मिति :– .............................

# अनुसूची– २ (क)

(दफा ६ को उपदफा (४) सँग सम्वन्धित सुपरिवेक्षक सुपरिवेक्षण फाराम)

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

## केन्द्रीय तथ्याङ्क विभाग

राष्ट्रिय जनगणना २०७८

सुपरिवेक्षक सुपरिवेक्षण फाराम

जिल्लाः- .................. गा.पा./न.पा.ः- .................... वडा नं. :- .................. गणना क्षेत्र :- ..............

भेट गरिएको सुपरिवेक्षकको नामः- ................................ सम्पर्क नं. :- ..........................

| सि.नं. | विवरण | |
|---|---|---|
| १ | सुपरिवेक्षकको शिष्टता र व्यवहार | |
| १.१ | अन्तर्वार्ता शुरु हुनु भन्दा पहिले सुपरिवेक्षकले उत्तरदातालाई अभिवादन गरे ? | १ गरे २ गरेनन् |
| १.२ | सुपरिवेक्षकले आफ्नो परिचय दिएर आफु राष्ट्रिय जनगणनाको तथ्याङ्क संकलनका लागि आवश्यक विवरण संकलन गर्न आएको हो भन्ने कुरा बताए ? | १ बताए २ बताएनन् |
| १.३ | सुपरिवेक्षकले जनगणनाको उद्देश्यको बारेमा जानकारी गराए ? | १ गराए २ गराएनन् |
| १.४ | अन्तर्वार्ताको समयमा उत्तरदातासँग सुपरिवेक्षकको व्यवहार मिजासिलो, नम्र र धैर्यशील रह्यो ? | १ रह्यो २ रहेन |
| १.५ | अन्तर्वार्ता सकिएपछि सुपरिवेक्षकले उत्तरदाता र अन्य सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गरे ? | १ गरे २ गरेनन् |
| २ | अन्तर्वार्ता प्रक्रिया | |
| २.१ | सुपरिवेक्षकले प्रश्नावलीमा लेखिएको प्रश्न जस्ताको तस्तै पढेर उत्तरदातालाई सोधेका थिए ? | १ थिए २ थिएनन् |
| २.२ | उत्तरदाताले कुनै प्रश्न नबुझेमा सुपरिवेक्षकले त्यस्ता प्रश्नलाई प्रश्नको आशय नबिग्रने गरी थप स्पष्ट पारेका थिए ? | १ थिए २ थिएनन् |
| २.३ | सुपरिवेक्षकले प्रश्नावलीको प्रत्येक खण्डका प्रत्येक प्रश्न सोधेर परिवारमूलीले दिएको उत्तर लेखेका थिए ? | १ थिए २ थिएनन् |
| ३ | समय व्यवस्थापन | |
| ३.१ | सुपरिवेक्षकले उत्तरदातासँग कुनै प्रश्नमा लामो बहस गर्ने गरेका थिए ? | १ थिए २ थिएनन् |
| ३.२ | उत्तरदाताबाट असान्दर्भिक वा जटिल उत्तर पाउने बित्तिकै सुपरिवेक्षकले बीचमा बोलेर उत्तरदातालाई रोकेका थिए ? | १ थिए २ थिएनन् |
| ३.३ | उत्तरदातालाई छिटो छिटो उत्तर दिन लगाउने वा सुपरिवेक्षकले अन्तर्वार्ता लिंदा हतार गरेका थिए ? | १ थिए २ थिएनन् |
| ४ | निष्पक्षता | |
| ४.१ | अन्तर्वार्ता लिँदा सुपरिवेक्षकले प्रश्न र उत्तर दुबैमा तटस्थ व्यवहार देखाएका थिए ? | १ थिए २ थिएनन् |
| ४.२ | उत्तरदाताबाट प्राप्त कुनै उत्तर सुनेर सुपरिवेक्षक आश्चर्य वा उत्तर मन नपराएको जस्तो हाउभाउ देखाएका थिए ? | १ थिए २ थिएनन् |
| ४.३ | सुपरिवेक्षकले कुनै प्रश्नको सन्दर्भमा आफ्नो निजी विचार उत्तरदातालाई सुनाएका थिए ? | १ थिए २ थिएनन् |
| ४.४ | सुपरिवेक्षकले प्रश्न सोध्दा उत्तर पनि आफैले सुझाएको वा संकेत गरेका थिए ? | १ थिए २ थिएनन् |

## ५.सुपरिवेक्षकले सूचीकरण गरेको आधारमा घर सम्बन्धी विवरणको स्थलगत जाँच

| सि.नं. | जनगणना घर क्रम संख्या | घरको तला संख्या | सूचीकरणमा भएको विवरण अनुसार | यो घर मुख्यरुपमा के को लागि प्रयोग गरिएको छ ? (कोड) | सूचीकरणमा भएको विवरण अनुसार | यो घरमा कति परिवार बस्नुहुन्छ | सूचीकरणमा भएको विवरण अनुसार |
|---|---|---|---|---|---|---|---|
| १ | | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको |
| २ | | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको |
| ३ | | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको |
| ४ | | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको |
| ५ | | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको |

(नोटः सुपरिवेक्षकले संकलन गरेको सूचीकरणको विवरण भन्दा सुपरिवेक्षणकर्ताले भरेको विवरण फरक भएमा यकिन गरी सही विवरण भर्न लगाउने)

## ६.सुपरिवेक्षकले सूचीकरण गरेको आधारमा परिवार सम्बन्धी विवरणको स्थलगत जाँच

| सि. नं. | परिवार क्र.सं. | परिवारमूलीको नाम | सूचीकरणमा भएको विवरण अनुसार | जम्मा पुरुष संख्या | सूचीकरणमा भएको विवरण अनुसार | जम्मा महिला संख्या | सूचीकरणमा भएको विवरण अनुसार | यस परिवारको यो गा.पा. /न.पा भित्र आफैंले चलन गरेको कृषि प्रयोजनको जग्गा छ ? | सूचीकरणमा भएको विवरण अनुसार | तपाईको परिवारमा प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम लिएका व्यक्ति कति जना छन् ? | सूचीकरणमा भएको विवरण अनुसार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको |
| २ | | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको |
| ३ | | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको |
| ४ | | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको |
| ५ | | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको | | १.मिलेको<br>२.नमिलेको |

(नोटः सुपरिवेक्षकले संकलन गरेको सूचीकरणको विवरण भन्दा सुपरिवेक्षणकर्ताले भरेको विवरण फरक भएमा यकिन गरी सही विवरण भर्न लगाउने)

## ७. सुपरिवेक्षणकर्ताका सुझावहरुः

...............................................................................

...............................................................................

...............................................................................

सुपरिवेक्षणकर्ताको नाम :- .......................... पद :– .....................कार्यालय :– ............

सही :– ................. मिति :– ............................

# अनुसूची– २ (ख)

(दफा ६ को उपदफा (४) सँग सम्वन्धित गणक सुपरिवेक्षण फाराम)

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

## केन्द्रीय तथ्याङ्क विभाग

राष्ट्रिय जनगणना २०७८

गणक सुपरिवेक्षण फाराम

जिल्लाः- ................ गा.पा./न.पा.:- ................. वडा नं. :- ............ गणना क्षेत्र :- ............

भेट गरिएको गणकको नामः- .......................... सम्पर्क नं. :- ..........................

| सि.नं. | विवरण | |
|---|---|---|
| १ | गणकको शिष्टता र व्यवहार | |
| १.१ | अन्तर्वार्ता शुरु हुनु भन्दा पहिले गणकले उत्तरदातालाई अभिवादन गरे ? | १ गरे २ गरेनन् |
| १.२ | गणकले आफ्नो परिचय दिएर आफु राष्ट्रिय जनगणनाको तथ्याङ्क संकलनका लागि आवश्यक विवरण संकलन गर्न आएको हो भन्ने कुरा बताए ? | १ बताए २ बताएनन् |
| १.३ | गणकले जनगणनाको उद्देश्यको बारेमा जानकारी गराए ? | १ गराए २ गराएनन् |
| १.४ | अन्तर्वार्ताको समयमा उत्तरदातासँग गणकको व्यवहार मिजासिलो, नम्र र धैर्यशील रह्यो ? | १ रह्यो २ रहेन |
| १.५ | अन्तर्वार्ता सकिएपछि गणकले उत्तरदाता र अन्य सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गरे ? | १ गरे २ गरेनन् |
| २ | अन्तर्वार्ता प्रक्रिया | |
| २.१ | गणकले प्रश्नावलीमा लेखिएको प्रश्न जस्ताको तस्तै पढेर उत्तरदातालाई सोधेका थिए ? | १ थिए २ थिएनन् |
| २.२ | उत्तरदाताले कुनै प्रश्न नबुझेमा गणकले त्यस्ता प्रश्नलाई प्रश्नको आशय नविग्रने गरी थप स्पष्ट पारेका थिए ? | १ थिए २ थिएनन् |
| २.२ | गणकले प्रश्नावलीको प्रत्येक खण्डका प्रत्येक प्रश्न सोधेर परिवारमूलीले दिएको उत्तर लेखेका थिए ? | १ थिए २ थिएनन् |
| ३ | समय व्यवस्थापन | |
| ३.१ | गणकले उत्तरदातासँग कुनै प्रश्नमा लामो बहस गर्ने गरेका थिए ? | १ थिए २ थिएनन् |
| ३.२ | उत्तरदाताबाट असान्दर्भिक वा जटिल उत्तर पाउने बित्तिकै गणकले बीचमा बोलेर उत्तरदातालाई रोकेका थिए ? | १ थिए २ थिएनन् |
| ३.३ | उत्तरदातालाई छिटो छिटो उत्तर दिन लगाउने वा गणकले अन्तर्वार्ता लिंदा हतार गरेका थिए ? | १ थिए २ थिएनन् |
| ४ | निष्पक्षता | |
| ४.१ | अन्तर्वार्ता लिँदा गणकले प्रश्न र उत्तर दुबैमा तटस्थ व्यवहार देखाएका थिए ? | १ थिए २ थिएनन् |
| ४.२ | उत्तरदाताबाट प्राप्त कुनै उत्तर सुनेर गणक आश्चर्य वा उत्तर मन नपराएको जस्तो हाउभाउ देखाएका थिए ? | १ थिए २ थिएनन् |
| ४.३ | गणकले कुनै प्रश्नको सन्दर्भमा आफ्नो निजी विचार उत्तरदातालाई सुनाएका थिए ? | १ थिए २ थिएनन् |
| ४.४ | गणकले प्रश्न सोध्दा उत्तर पनि आफैले सुझाएको वा संकेत गरेका थिए ? | १ थिए २ थिएनन् |

५. मुख्य प्रश्नावली सम्बन्धी विवरणको स्थलगत जाँच

स्थलगत जाँच गरिएको परिवारको:

परिवारमूलीको नामः ............................... जनगणना घर क्र.सं.: .......... जनगणना परिवार क्र.सं.:.............

परिवारमूलीको उमेरः परिवारमूलीको लिङ्ग : १. पुरुष २. महिला

क परिचयात्मक खण्ड

| परिवारका सदस्यहरुको संख्या | जम्मा | पुरुष | महिला | गणकले भरेको विवरणसँग |
|---|---|---|---|---|
| अक्सर वसोबास गर्ने | | | | १ मिलेको २ नमिलेको |
| अनुपस्थित (विदेशमा रहेका) | | | | १ मिलेको २ नमिलेको |

| सि.नं. | विवरण | विकल्पहरु | कोड | गणकले भरेको विवरणसँग |
|---|---|---|---|---|
| ख | पारिवारिक खण्ड | | | |
| १ | तपाईंको परिवारले प्रयोग गरेको घरको स्वामित्व कस्तो हो ? | आफ्नै ............१ भाडामा ...........२<br>संस्थागत.......... ३ अन्य ............४ | ☐ | १. मिलेको<br>२. नमिलेको |
| २ | तपाईंको परिवारले प्रयोग गरेको घरको छाना के ले बनेको छ ? | जस्ता/टिन/च्यादर........... १<br>सिमेन्ट ढलान ............... २<br>खर/पराल/छवाली............ ३<br>टायल/खपडा/झिँगटी......... ४<br>ढुङ्गा/स्लेट .................... ५<br>काठ/फल्याक ............... ६<br>माटो .......................... ७<br>अन्य .......................... ८ | ☐ | १. मिलेको<br>२. नमिलेको |
| ३ | तपाईको परिवारमा निम्न घरायसी सुविधा तथा साधनहरू के के छन् ? | टेलिभिजन | ☐ | १. मिलेको<br>२. नमिलेको |
| | | कम्प्युटर/ल्यापटप | ☐ | १. मिलेको<br>२. नमिलेको |
| | | रेफ्रिजरेटर | ☐ | १. मिलेको<br>२. नमिलेको |
| | **मृत्युसम्बन्धी विवरण** | | | |
| ४ | गत १२ महिनामा तपाईको परिवारमा कसैको मृत्यु भएको थियो ? | थियो ....१ थिएन ....२ | ☐ | १. मिलेको<br>२. नमिलेको |
| ग. | व्यक्तिगत खण्ड | | | |

| सि.नं. | विवरण | विकल्पहरु | कोड | गणकले भरेको विवरणसँग |
|---|---|---|---|---|
| ५ | यस परिवारमा १ बर्ष उमेर नपुगेका बालबालिकाको संख्या कति छ ? | संख्या उल्लेख गर्नुहोस् । | ☐ | १. मिलेको<br>२. नमिलेको |
| ६ | यस परिवारमा ६० बर्ष वा सो भन्दा बढी उमेर माथिका व्यक्तिको संख्या कति छ ? | संख्या उल्लेख गर्नुहोस् । | ☐ | १. मिलेको<br>२. नमिलेको |
| ७ | यस परिवारमा पढ्न र लेख्न दुवै जान्नेको संख्या कति छ ? | संख्या उल्लेख गर्नुहोस् । | ☐ | १. मिलेको<br>२. नमिलेको |
| ८ | यस परिवारमा अपाङ्गता भएका व्यक्तिको संख्या कति छ ? | संख्या उल्लेख गर्नुहोस् । | ☐ | १. मिलेको<br>२. नमिलेको |

***(नोटः गणकले भरेको विवरणभन्दा सुपरिवेक्षणकर्ताले भरेको विवरण फरक भएमा पुनः यकिन गरी सही विवरण भर्ने)***

६. सुपरिवेक्षणकर्ताको सुझावहरुः

...............................................................

................................................................

.................................................................

..................................................................

सुपरिवेक्षणकर्ताको नाम :- ............................ पद :- ...................... कार्यालय :- ............

सही :- ..................                                        मिति :- .............................

# अनुसूची– ३

(दफा १५ को उपदफा (१) सँग सम्वन्धित जनगणना दरखास्त फाराम)

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

## केन्द्रीय तथ्याङ्क विभाग

सुपरिवेक्षक/गणक दरखास्त फाराम

| पासपोर्ट साइजको फोटो |
|---|

**(क) उम्मेदवारले काम गर्न चाहेको पद र कार्यक्षेत्र सम्बन्धी विवरण**

१. काम गर्न चाहेको पदः ................... २. जिल्लाः ...............

३. स्थानीय तहः ................ ४. वडा नं.ः .............

**(ख) उम्मेदवारको व्यक्तिगत विवरणः**

उम्मेदवारको नाम थर (देवनागरिमा)ः ................ ................ ................

अंग्रेजी (ठूलो अक्षरमा)ः ................ ................ ................

लिङ्गः ................

जन्ममितिः वि.सं. (मा)ः ................साल................महिना................गते

ई.सन्.(मा)ः ................साल................महिना................गते

हालको (उमेर पुरा गरेको वर्षमा) ................

नागरिकता नं.ः ..............................जारी गर्ने जिल्लाः .................. जारी मितिः ........................

स्थायी ठेगाना.ः क) जिल्लाः.................. ख) स्थानीय तहः..................................................

ग) वडा नं.ः ................ घ) टोल................

अस्थायी ठेगाना क) जिल्लाः................ ख) स्थानीय तहः................

ग) वडा नं.ः ................ घ) टोल................

ङ) सम्पर्क मोबाइल नं.ः ................

बाबुको नाम थरः................ ................ ................

आमाको नाम थरः ................ ................ ................

बाजेको नाम थरः................ ................ ................

पति/पत्निको नामः................ ................ ................

**(ग) उम्मेदवारको शैक्षिक योग्यता/तालिम/अनुभव सम्बन्धी विवरणः**

आवश्यक न्युनतम शैक्षिक योग्यताः दश जोड दुई वा सो सरह/ स्नातक तह वा सो सरह

शैक्षिक उपाधीः................ संकायः................
श्रेणीः................प्रतिशतः................

मुल विषयः................ ................

**तथ्याङ्क संकलन सम्बन्धी तालिम (भए उल्लेख गर्ने):**

तालिम प्रदान गर्ने निकायः................ ................ तालिम अवधीः................दिन

तथ्याङ्क संकलन सम्बन्धी अनुभव (भए उल्लेख गर्ने):

काम गरेको संस्थाको नामः................ ................

काम गरेको अवधीः................महिना..............दिन

**(घ) कार्यालय प्रयोजनको लागि**

दरखास्त फारामको रुजू जाँच गर्नेको नामथरः ................ ................

दस्तखतः................ मितिः................

दरखास्त फाराम प्रमाणित गर्नेको नामथरः ................ ................

दस्तखतः................ मितिः................

दरखास्त फाराम अस्वीकृत भएमा सोको कारणः

# अनुसूची– ४

(दफा १३ को उपदफा (१) सँग सम्वन्धित करारनामा)

करारनामा

लिखितम्...............जिल्ला............गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडानं......घर भै हाल ...............जिल्ला................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं...... बस्ने श्री .................................... को नाति/नातिनी श्री ......................................... को छोरा/छोरी बर्ष ..... को म ....................................................(यसपछि निवेदक भनिएको) र नेपाल सरकार, राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क बिभाग, प्रदेश/जिल्ला जनगणना कार्यालय ............... (यसपछि कार्यालय भनिएको) बीच निम्न शर्तहरुबमोजिम गर्ने गराउने कुरामा सहमति भएकोले आज मिति २०७८ / / मा हामी दुबै पक्षले यो करारनामा सही गरी १/१ प्रति लियौं दियौं ।

शर्तहरुः-

१. कार्यालयद्वारा सञ्चालित राष्ट्रिय जनगणना २०७८ को लागि गणक/सुपरिवेक्षक पदको करारनामामा तोकिएका शर्तहरुको अधीनमा रही कार्यालयबाट मलाई दिइने कामकाज गर्न तोकिएको पत्रमा तोकिएको मासिक जनगणना निश्चित रकम पाउने गरी यस जिल्लाको जनगणनासम्बन्धी तोकिएका कार्य सम्पन्न गर्न मेरो मञ्जुरी छ । सो अनुसार म निवेदकले गणक/सुपरिवेक्षक पदमा रही गर्नुपर्ने काम कर्तव्य र जिम्मेवारी तथा दायित्वको पूर्णरुपमा जानकारी हासिल गरी सो मुताबिक तोकिएको क्षेत्रमा गई जनगणना कार्य सम्पन्न गर्न मञ्जुरी छ ।

२. तोकिएको अवधिभर काम गर्दा मेरो लापरवाहीले कुनै सरकारी धनमालको नोक्सानी हुनगएमा आफूले पाउने रकमबाट कट्टा गरी त्यसको क्षतिपूर्तिबापत सोधभर्ना गर्न म निवेदकको मञ्जुरी छ । साथै यसरी पाउने रकमबाट क्षतिपूर्ति हुन नसकेमा सरकारी बाँकी सरह असुल उपर गरी लिएमा म निवेदकको मञ्जुरी छ, पछि मैले तिर्नु बुझाउनुपर्ने होइन भनी कुनै किसिमको दाबी बिरोध गर्ने छैन, गरेमा यसै करारनामाबाट बदर हुनेछ ।

३. गणक/सुपरिवेक्षकको पदमा रही काम गर्दा प्रचलित नियम वा सेवासम्बन्धी आदेश निर्देशन बिरुद्ध हुनेगरी मैले कुनै काम गरेमा वा मेरो काम कारवाहीप्रति चित्त नबुझेमा प्रदेश/जिल्ला जनगणना अधिकारीले कुनै पनि समयमा मलाई हटाउन सक्नेछ र यसरी हटाउँदा मैले हट्नुपर्ने होइन भनी दाबी बिरोध गर्ने छैन र यसरी हटाउँदा काम गरिसकेको अवधिको रकमलगायत अन्य कुनै किसिमको रकम वा सुविधा पनि मैले दाबी गर्न मिल्नेछैन भन्ने कुरामा म निवेदकको मञ्जुरी छ ।

४. माथि तोकिएको शर्तहरुका अधीनमा रही करारमा काम काज गर्न तोकिएको पत्रमा तोकिएको अवधिसम्म मात्र मेरो करार अवधि कायम हुनेछ र सो तोकिएको अवधि भुक्तान भएपछि मेरो नियुक्ति पनि स्वतः सकिनेछ भन्ने कुरामा म निवेदकको मञ्जुरी छ ।

५. तथ्याङ्क ऐन, २०१५ अनुसार भरिएका व्यक्तिगत तथा पारिवारिक विवरणहरुको गोपनीयता कायम गर्न म पूर्णरुपमा प्रतिवद्ध छु । यस अनुसार भरिएका प्रश्नावली अनधिकृत व्यक्ति वा संस्थालाई देखाउने वा यसको प्रतिलिपि उतार गर्ने कार्य गर्ने छैन ।

६. जनगणनाको स्थलगत कार्य अन्तर्गत घर, परिवार र व्यक्तिको गणना कार्य विभाग/जनगणना कार्यालयको निर्देशनअनुसार निष्पक्षरुपमा सम्पन्न गर्नेछु र भरिएका प्रश्नावली/लगतहरुको पुनः जाँच गरी सुरक्षितरुपमा आफ्नो सुपरिवेक्षक/स्थानीय जनगणना अधिकारी वा प्रदेश/जिल्ला जनगणना कार्यालयमा तोकिएको समयमा बुझाउन मेरो मञ्जुरी छ ।

७. उपर्युक्त बमोजिम तोकिएको काम सम्पन्न गरेवापत कार्यालयबाट दिइने करारमा काम काज गर्न तोकिएको पत्रमा तोकिएको जनगणना निश्चित रकम निवेदकलाई भुक्तानी दिन कार्यालय मञ्जुर गर्दछ ।

| | |
|---|---|
| निवेदकको | प्रदेश/जिल्ला जनगणना अधिकारीको |
| दस्तखत : ............................ | दस्तखत : ..................................... |
| नाम ..................... | नामः............................... |
| ल्याप्चे सहीछाप .......................... | कार्यालयको छाप |
| दायाँ बायाँ | |

# अनुसूची– ५

(दफा १३ को उपदफा (२) सँग सम्वन्धित सुपरिवेक्षक करारमा कामकाज तोकिएको)

नेपाल सरकार
राष्ट्रिय योजना कायोग
**केन्द्रीय तथ्याङ्क विभाग**
राष्ट्रिय जनगणना २०७८
प्रदेश/जिल्ला जनगणना कार्यालय, .........

पत्र संख्या : मिति : २०७८/ /

च.नं.:

विषय : करारमा कामकाज गर्न तोकिएको ।

श्री ...................................

......................................।

तपाईले यस प्रदेश/जिल्ला जनगणना कार्यालयसँग मिति ................ मा गर्नुभएको करारनामा बमोजिम तपाईलाई केन्द्रीय तथ्याङ्क बिभागबाट संचालित राष्ट्रिय जनगणना २०७८ को सुपरिवेक्षकको रुपमा यस जिल्लामा काम गर्न मिति ................. को निर्णयानुसार मिति ................. देखि बढीमा २ (दुई) महिनाको लागि करारमा कामकाज गर्न देहाय बमोजिम कार्य तोकिएको छ । सो पदको लागि तोकिएको काम सम्पन्न गरी आवश्यक संकलित भरिएका प्रश्नावलीहरु यस कार्यालयमा बुझाएबापत तपाईले मासिकरुपमा रु. ...................(अक्षरेपी .................. .................. मात्र) जनगणना निश्चित रकम वापत पाउनुहुनेछ ।

**तपसिल**

१. कार्यः राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश २०७६ र गणना निर्देशन पुस्तिकामा उल्लेख भएका कार्यहरु
२. कार्यक्षेत्रः (क) स्थानीय तहको नामः .......................... (ख) बडा नं.:.............. (ग) गणना क्षेत्र नं.:...............
(क) स्थानीय तहको नामः .......................... (ख) बडा नं.:.............. (ग) गणना क्षेत्र नं.:...............
३. नजिकको सुपरीवेक्षकको (क) नामः .......................... (ख) मोवाइल फोन नं.: ..........................

........................................
प्रदेश/जिल्ला जनगणना अधिकारी

बोधार्थः
श्री जनसंख्या शाखा, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौ ।
श्री आर्थिक प्रशासन शाखा, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं ।
प्रदेश/जिल्ला जनगणना कार्यालय, ........................ ।

# अनुसूची– ६

(दफा १३ को उपदफा (२) सँग सम्वन्धित गणक करारमा कामकाज तोकिएको)

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

## केन्द्रीय तथ्याङ्क विभाग

राष्ट्रिय जनगणना २०७८

प्रदेश/जिल्ला जनगणना कार्यालय, ............

पत्र संख्या : मिति : २०७८/ /

च.नं.:

बिषय : करारमा कामकाज गर्न तोकिएको ।

श्री ................................

...................................।

तपाईले यस प्रदेश/जिल्ला जनगणना कार्यालयसँग मिति ............... मा गर्नुभएको करारनामा बमोजिम तपाईलाई केन्द्रीय तथ्याङ्क बिभागबाट संचालित राष्ट्रिय जनगणना २०७८ को गणकको रुपमा यस जिल्लामा काम गर्न मिति ................ को निर्णयानुसार मिति ................ देखि बढीमा १ (एक) महिनाको लागि करारमा कामकाज गर्न देहाय बमोजिम कार्य तोकिएको छ । सो पदको लागि तोकिएको काम सम्पन्न गरी आवश्यक संकलित भरिएका प्रश्नावलीहरु यस कार्यालयमा बुझाएबापत तपाईले मासिकरुपमा रु. ..................(अक्षरेपी ................. ................. मात्र) जनगणना निश्चित रकम वापत पाउनुहुनेछ ।

**तपसिल**

१. कार्यः राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश २०७६ र गणना निर्देशन पुस्तिकामा उल्लेख भएका कार्यहरु

२. कार्यक्षेत्रः (क) स्थानीय तहको नामः .......................... (ख) बडा नं.:.......(ग) गणना क्षेत्र नं.:............

३. नजिकको सुपरीवेक्षकको (क) नामः ........................... (ख) मोवाइल फोन नं.: ...............................

.........................................

प्रदेश/जिल्ला जनगणना अधिकारी

बोधार्थः

श्री जनसंख्या शाखा, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं ।

श्री आर्थिक प्रशासन शाखा, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं ।

प्रदेश/जिल्ला जनगणना कार्यालय, ........................ ।

# अनुसूची– ७

(दफा ५४ को उपदफा (४) र दफा ८१ को उपदफा (१) सँग सम्वन्धित कन्ट्रोल फाराम)

**भरिएका मूल प्रश्नावलीका किताबहरु बुझ्ने कन्ट्रोल फाराम**

राष्ट्रिय जनगणना २०७८

कन्ट्रोल फाराम

| प्रदेशः- ....................... | | जिल्लाः- ............ | | गाउँपालिका/नगरपालिका :– .................................... |
|---|---|---|---|---|

| वडा नं. | गणना क्षेत्र नं. | जम्मा जनगणना घरसंख्या | जम्मा जनगणना परिवार संख्या | जनसंख्या (अक्सर बसोवास) | | | अनुपस्थित जनसंख्या (विदेशमा गएका) | | | भरिएका मुख्य प्रश्नावलीको किताब संख्या | | बुझाउने गणकको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | १०० पाने | ४० पाने | नाम | सही |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

सुपरिवेक्षकको नाम :- .................. आइडी कोडः- ..........

सही र मितिः-

| रुजू गर्नेः- | स्थानीय जनगणना अधिकारीः- | प्रदेश/जिल्ला जनगणना अधिकारीः- |
|---|---|---|
| नाम :- .......................... | नाम :- ......................... | नामः- ............................ |
| सही :- ......................... | सही :- .......................... | सही :- ........................... |
| मितिः- ......................... | मितिः- .......................... | मितिः- ........................ |

# अनुसूची– ८

(दफा ५४ को उपदफा (४) सँग सम्वन्धित कार्य सम्पन्नता फाराम)

कार्य सम्पन्नता प्रतिवेदन निवेदनको ढाँचा
कार्य सम्पन्नता फाराम
(सुपरिवेक्षक र गणकले संयूक्त भर्ने)

श्रीमान् जनगणना अधिकारीज्यू  मितिः२०७८/ /

प्रदेश/जिल्ला/स्थानीय जनगणना कार्यालय, .................................

विषय : संकलित विवरण बुझाएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको कार्यदिश बमोजिम ........ प्रदेश........... जिल्ला ....................... को तपसिल बमोजिमको स्थानीय तहको वडा तथा गणनाक्षेत्रमा खटिई तोकिएको कार्य सम्पन्न गरी तपसिल बमोजिम तथ्याङ्क तथा अन्य विवरणहरु पेश गरेका छौं ।

तपसिल

| स्थानीय तहको नाम | वडा नं. | गणना क्षेत्र नं. | प्रयोग गरिएका बुक संख्या | घर संख्या | घरपरिवार संख्या | जनसंख्या (अक्सर बसोबास) | | | अनुपस्थित जनसंख्या (विदेश गएका) | | | गणकको | | आइडी कोड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | नाम | सही | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

सुपरिवेक्षकको नामः.........................  आइडी कोडः..........

सहि र मिति :

=============================================================

| रुजु गर्ने : | स्थानीय जनगणना अधिकारी : | प्रदेश/जिल्ला जनगणना अधिकारी : |
|---|---|---|
| नाम थरः | नाम थर : | नाम थर : |
| सहिः | सहि : | सहि : |
| मितिः | मिति: | मिति: |

**प्रकाशक :**

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

**केन्द्रीय तथ्याङ्क विभाग**

**थापाथली, काठमाडौं**